नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

प.स. : ०७८।७९

च.न.: ३२८

२०७८।११।१२

श्री गाउँपालिका, सबै।

श्री नगरपालिका, सबै।

विषयः पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ पठाइएको बारे।

सुनौला हजार दिनका महिला, किशोरी तथा बालबालिकाको पोषण अवस्था सुधार गर्ने लक्ष्य सहित नेपाल सरकारबाट बहुक्षेत्रीय पोषण योजना, दोस्रो कार्यान्वयनमा रहेको व्यहोरा अवगत नै छ। स्थानीय तहमा पोषणको अवस्था सुधार गर्न अभियानमुलक कार्यक्रम सञ्चालन गर्न बाञ्छनीय देखि मन्त्रालयबाट विभिन्न विषयगत मन्त्रालयको राय तथा परामर्श एवम् राष्ट्रिय योजना आयोगबाट नीतिगत सहमति पश्चात पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को मस्यौदा तयार भई यस मन्त्रालयको मिति २०७८।११।१२ (मा.मन्त्रीस्तर) को निर्णणबाट कार्यान्वयन निर्देशिका स्वीकृत भएको छ। त्यहाँ गाउँपालिका तथा नगरपालिकामा पोषणमैत्री स्थानीय शासनको अभियानलाई अगाडि बढाउन **'पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८'** संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ।

..........................

(जनकराज शर्मा)

शाखा अधिकृत

**बोधार्थः**

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै):आवश्यक सहयोग र समन्वयको लागि।

श्री सूचना तथा प्रबिधि शाखाः निर्देशिका र पत्र website राख्ने व्यवस्था हुन।

# पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

परिच्छेद-१

# परिचय

## १. पृष्ठभूमि

सामाजिक र मानव पुँजी विकासको बाधकको रुपमा रहेको कुपोषण न्यूनीकरण गर्न नेपालमा लामो समयदेखि विभिन्न प्रयासहरु हुँदै आएका छन् । Lancet Series, २०१४ अनुसार नेपालमा ४५ प्रतिशत बालबालिकाको मृत्युको अप्रत्यक्ष कारण कुपोषण रहेको छ । विश्व पोषण प्रतिवेदन, २०१६ अनुसार पोषणमा गरिएको लगानीले १६ गुणासम्म प्रतिफल प्राप्त हुने जनाएको छ । यसैगरी विश्व बैंकको प्रतिवेदन, २०१८ ले कुपोषणको कारणले कुल ग्राहस्थ उत्पादनमा ७ प्रतिशत र एशिया तथा अफ्रिकाका देशहरुमा ११ प्रतिशत नोक्सानी हुने जनाएको छ ।

कुपोषणलाई पुड्कोपन, कम तौल, ख्याउटेपन र मोटोपनको आधारमा छुट्याईन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS), २०१६ अनुसार ५ वर्षमुनिका बालबालिकामध्ये ३६ प्रतिशतमा पुड्कोपन, २७ प्रतिशत बालबालिकामा कम तौल र १० प्रतिशत बालबालिकामा ख्याउटेपन देखिएकोछ । यस्तै ५ वर्षमुनिका बालबालिकाको अधिक तौल र मोटोपन २.१ प्रतिशत, प्रजनन उमेरका महिलामा अधिक तौल र मोटोपन २२ प्रतिशत र दीर्घ रूपमा शक्तिको कमी भएका (Chronic energy deficiency measured by Body Mass Index-BMI) प्रजनन् उमेरका महिलाको सङ्ख्या १७ प्रतिशत रहेको छ ।

दिगो विकास लक्ष्य, २०३० का १७ वटा मध्य १२ वटा लक्ष्यहरुमा पोषणसँग सम्बन्धित सूचकहरू समावेश गरिएका छन् । नेपालको बहुआयमिक गरिबीको दर १७.४ प्रतिशत रहनुको मुख्य कारण कुपोषण र बालबालिका विद्यालय जानबाट वञ्चित रहनुलाई पहिचान गरिएको छ । उच्च धनी वर्गका बालबालिकामा पुड्कोपनको दर १६.५% प्रतिशत मात्र छ भने अति गरिब वर्गमा यो दर ४९.२ प्रतिशत रहेको छ । साथै उच्च शिक्षा हासिल गरेका आमाबाट जन्मेका बालबालिकामध्ये २२.७% मा मात्र पुड्कोपन देखिएको छ भने अशिक्षित आमाबाट जन्मेका बालबालिकामध्ये ४५.५% मा पुड्कोपन देखिएको छ (NDHS, 2016) ।

नेपालको संविधानमा स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, महिलाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक लगायतका विषय मौलिकहकको रुपमा राखिएको छ । संविधानले स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, लैगिक समानता तथा सामाजिक समावेशीकरण, खाद्य सम्प्रभुता जस्ता विषयहरुलाई राज्यको प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने प्रावधान राखी स्वस्थ र सुपोषित नागरिकको परिकल्पना गरेको छ । यसैगरी आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ

जस्ता विषयहरुलाई नेपालको संविधानमा स्थानीय तहको क्षेत्राधिकारको रुपमा राखिएको छ । यी विषयहरु कार्यान्वयनको लागि संविधान र अन्तरसरकारी वित्त व्यवस्था सम्बन्धी ऐन, २०७४ मा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ जस्ता क्षेत्रमा प्रदेश तथा स्थानीय तहलाई विशेष अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ ।

यस पृष्ठभूमिमा नेपाल सरकारले आमा, बालबालिका तथा किशोरीहरुमा रहेको कुपोषणको समस्यालाई सम्बोधन गर्न बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारको लगानीको अतिरिक्त आधारभूत स्वास्थ्य र सरसफाइ, खानेपानी, आधारभूत तथा माध्यमिक शिक्षा जस्ता पोषणसँग सम्बन्धित विषयमा स्थानीय तहले लगानी वृद्धि गरेको अवस्थामा मात्र उक्त योजनाले लिएको लक्ष्य पूरा हुने अवस्था रहेको छ । निर्वाचित पदाधिकारीहरुको नेतृत्व स्थानीय तहमा आइसकेपछि पोषणको क्षेत्रमा लगानी वृद्धि गर्ने संकल्प सहित पोषणमैत्री स्थानीय तह बनाउने प्रतिबद्धता समेत भइरहेका छन् । जुन कुपोषणको समस्या समाधान गर्ने सन्दर्भमा महत्वपूर्ण कदम हो।

यसै सन्दर्भमा, दिगो विकासका लक्ष्य पूरा गर्न, विकासशील राष्ट्रको रुपमा स्तरोन्नति हुन तथा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न पोषणको क्षेत्रमा लगानी वृद्धि गर्नु पर्ने देखिएको छ । नेपाल सरकारबाट प्रतिबद्धता जनाइएका यी विषयहरुलाई सम्बोधन हुने गरी सङ्घ तथा प्रदेश सरकारबाट स्थानीय तहलाई सहयोग उपलब्ध गराउन, स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र आवधिक तथा वार्षिक योजनामा पोषणलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न तथा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरुबीच एकरुपता ल्याउन सहयोग पुऱ्याउने गरी यो कार्यान्वयन निर्देशिका तयार गरिएको छ।

## २. <u>पोषण अवस्था सुधार गर्ने सन्दर्भमा भएका मुख्य मुख्य प्रयासहरुः</u>

पोषणको अवस्था सुधार गर्न विभिन्न राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय महासन्धि /अभिसन्धि /घोषणाहरुले महत्वपूर्ण योगदान दिएका छन् । जसलाई देहाय बमोजिम उल्लेख गरिएको छः

### <u>२.१ भोकमरी र कुपोषण सम्बन्धी विश्वव्यापी घोषणा, १९७४</u>

संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १९७४ डिसेम्बर १६ मा भोकमरी र कुपोषण सम्बन्धी विश्वव्यापी घोषणा (Universal Declaration of Eradication of Hunger and Malnutrition) गरेको हो । नेपाल पक्ष राष्ट्र भएको हुनाले उक्त घोषणा अनुसार नेपालले भोकमरी र कुपोषण हटाउने प्रतिबद्धता पूरा गर्नु पर्ने हुन्छ ।

## २.२ बालअधिकार सम्बन्धी महासन्धि (CRC), १९८९

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता चारवटा क्षेत्रमा केन्द्रित हुदै बाल अधिकारलाई सुनिश्चित गर्नु पर्ने हुन्छ ।

## २.३ पोषणसम्बन्धी सेवाहरूको बिस्तार (Scaling Up Nutrition-SUN)

कुपोषणको विद्यमान अवस्थामा द्रुतगतिमा सुधार ल्याउन पोषण सम्बन्धी सेवाहरूको बिस्तारले विश्वव्यापी अभियानको रूप लिएको छ। संयुक्त राष्ट्र सङ्घको नेतृत्वमा विश्वव्यापी रुपमा सञ्चालनमा रहेको उक्त अभियानमा हालसम्म नेपाल लगायत ६० देशहरू आबद्ध भइसकेका छन् । विश्वका सबै बालबालिकाको चौतर्फी विकासको सुनिश्चितता गर्न मार्गचित्र समेत तयार गरिएको छ । उक्त मार्गचित्रमा अनुकूल राजनैतिक वातावरणको बिस्तार र दिगोपना कायम गर्ने, पोषणमा योगदान पुऱ्याउने कार्यहरूलाई प्राथमिकता दिने र संस्थागत व्यवस्था गर्ने, एकीकृत नतिजा खाकासँग सामाञ्जस्यता हुने गरी तोकिएका कार्यहरू कार्यान्वयन गर्ने र पोषणको लागि आर्थिक स्रोतको वृद्धि गर्ने जस्ता विषय उल्लेख छ ।यस मार्गचित्रको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन "पोषण सेवा बिस्तारका लागि विश्व सम्मेलन (Scaling Up Nutrition Globle Gathering-SUNGG)" हुँदै आएका छन् । पहिलो विश्व सम्मेलन सन् २०१३ मा अमेरिकाको न्यूयोर्कमा भएको थियो भने दोस्रो, तेस्रो, चौथो सम्मेलन क्रमशः सन् २०१४ मा इटालीको रोम, सन् २०१५ मा इटालीको मिलान र सन् २०१७ मा आइभोरीकोष्टको अविदजानमा सम्पन्न भएको थियो भने पाँचौ विश्व सम्मेलन नेपालले सन् २०१९ मा सम्पन्न गरी पोषण सुधारको लागि नेपाल सरकारले उच्च प्राथमिकता दिएको विषय पुष्टि गरेको छ ।

## ३. कुपोषण घटाउन बहुक्षेत्रीय प्रयासको शुरुवात

नेपालमा सन् १९७० मा विश्व खाद्य तथा कृषि सङ्गठनको सहयोगमा खाद्य तथा कृषि मन्त्रालयले बहुक्षेत्रीय खाद्य तथा पोषण योजना र सन् १९७५ मा स्वास्थ्य विभागले स्वास्थ्य, शिक्षा, कृषि र पञ्चायत क्षेत्रहरूलाई समेत संलग्न गरी बहुक्षेत्रीय योजना तयार गरेको पाइन्छ। तर राष्ट्रियस्तरमा सन् १९७७ मा राष्ट्रिय योजना आयोग अन्तर्गत राष्ट्रिय पोषण समन्वय समिति गठन भई उक्त समितिले १९७८ मा बहुक्षेत्रीय योजना तयार गर्न नीतिगत मार्गदर्शन प्रदान गरेको पाइन्छ। सोही मार्गदर्शन अनुसार छैटौं पञ्चवर्षीय योजनादेखि पोषण तथा खाद्य सुरक्षा विषयले राष्ट्रिय विकास योजनामा स्थान पाउँदै आएको छ।

सन् २००९ मा गरिएको पोषणको लेखाजोखा तथा विश्लेषण प्रतिवेदनले पोषणको स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय प्रयत्न आवश्यक रहेको उल्लेख गरेको छ। उक्त प्रतिवेदनको आधारमा नेपालमा बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) कार्यान्वयनमा ल्याइएको थियो। उक्त योजनाको अनुभव समेत लिई तयार गरिएको बहुक्षेत्रीय पोषण योजना-दोस्रो (२०७५।७६-२०७९।८०) हाल कार्यान्वयनमा रहेको छ।

४. <u>कुपोषण घटाउन क्षेत्रगत भूमिका</u>

**(क) स्वास्थ्य क्षेत्रः**

राष्ट्रिय पोषण नीति तथा रणनीति स्वास्थ्य क्षेत्रको पोषणसम्बन्धी कार्यक्रमलाई निर्देशित गर्ने प्रमुख नीतिगत दस्तावेज हो । सूक्ष्मपोषक तत्वहरूको वितरण, मातृ तथा बाल्यकालीन आहार, स्याहार, कडा तथा मध्यम कुपोषणको उपचार-व्यवस्थापन, नवशिशु-बालरोगको एकीकृत व्यवस्थापन जस्ता पोषण लक्षित कार्यक्रमहरु सञ्चालन गरी कुपोषण न्यूनीकरण गर्न स्वास्थ्य क्षेत्रले योगदान दिन्छ।

**(ख) शिक्षा क्षेत्रः**

बालिकाहरूको विद्यालय सहभागितामा वृद्धि गर्न, बालबालिकाको संज्ञानात्मक विकास गर्न, किशोरावस्थामा हुनसक्ने गर्भधारणमा कमी ल्याउन र किशोरकिशोरीको पोषणको स्थितिमा सुधार गर्न शिक्षा क्षेत्रको भूमिका प्रभावकारी हुन्छ । खाद्य असुरक्षा बढी भएका, मातृशिशु स्वास्थ्यका सूचकहरू कमजोर भएका क्षेत्रमा र विद्यालय भर्नामा लैङ्गिक विभेद बढी भएका विद्यालयमा दिवा खाजा, विद्यालय करेसाबारी तथा फलफूल बगैंचा, खानेपानी तथा शौचालयको सुविधा, किशोरीहरूको शिक्षा, जीवनोपयोगी सीप, पोषणसम्बन्धी ज्ञान अभिवृद्धि, बानी-व्यवहारमा सुधार तथा पोषण सम्बन्धी पाठ्यक्रम र शिक्षा जस्ता क्षेत्रमा कार्य गरी शिक्षा क्षेत्रले पोषण सुधारको लागि योगदान गर्न सक्दछ ।

**(ग) खानेपानी तथा सरसफाइ क्षेत्रः**

सरुवा रोगको मुख्य कारण असुरक्षित खानेपानी तथा सरसफाइमा हुने कमी हो । झाडापखाला जस्ता सरुवा रोगबाट बालबालिकाको तौल तथा उचाइजस्ता शारीरिक विकासमा मात्र अवरोध गर्ने नभई विभिन्न रोगको संक्रमण समेत गराउँछ । जसका कारण व्यक्तिमा दीर्घ कुपोषणको अवस्था सिर्जना हुन्छ । पोषण सुधारका लागि खानेपानी तथा सरसफाइ क्षेत्रले सुरक्षित पिउने पानीको पहुँचमा वृद्धि, सुधारिएको चर्पीको प्रयोगमा प्रोत्साहन, फोहरमैलाको उचित विसर्जन-व्यवस्थापन, साबुन पानीले हात धुने बानीको विकास जस्ता कार्यक्रम सञ्चालन गरी कुपोषण घटाउन मद्दत गर्दछ ।

**(घ) कृषि तथा पशुपक्षी विकास क्षेत्रः**

कृषि तथा पशुपंक्षी विकास क्षेत्रले सन्तुलित खाद्यवस्तुको उपलब्धता, गुणस्तर, विविधता र दिगोपना जस्ता विषयलाई जोड दिन्छ । खाद्यवस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, गुणस्तर र दिगोपना कायम गर्न र सन्तुलित खानामा सबैको पहुँच पुर्‍याउन नक्ष सुधार, अनुदानमा वृद्धि, बजार पहुँच र विकास, व्यावसायिक उत्पादन, सिंचाइ सुविधा, प्रयोगशालाको सुविधा, रैथाने बालीहरुको संरक्षण र सम्वर्द्धन जस्ता क्रियाकलापहरु सञ्चालन गरी कृषि तथा पशुपंक्षी क्षेत्रले कुपोषण घटाउन मद्दत गर्दछ।

**(ङ) महिला तथा बालबालिका क्षेत्रः**

कुपोषणमा सुधार ल्याउन महिला तथा बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउनु आवश्यक रहेको छ । महिला सशक्तीकरण, महिलाहरूको आयआर्जन विकास र बिस्तार, विपन्न महिलाको आयमा वृद्धि, लैङ्गिक हिंसा विरुद्ध जनचेतना, बालविवाह न्यूनीकरण, बालबालिका तथा किशोर-किशोरीको संरक्षण, सूक्ष्म पोषणयुक्त खाना प्रवर्द्धन, महिलाहरूको कार्यबोझमा कमी ल्याउने जस्ता क्रियाकलापले महिला र बालबालिकाको पोषण स्थिति सुधारमा योगदान दिन्छ ।

**(च) शासकीय सुधार**

पोषणको कार्यक्रम एकीकृत रुपमा कार्यान्वयन गर्न शासकीय पद्धतिले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। सहभागितामूलक पद्धतिबाट आवधिक तथा वार्षिक योजनाको तर्जुमा र कार्यान्वयन एवम् शासकीय संरचनाबाट पोषण सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनमा गरिने सुधारले पोषण कार्यक्रमहरुमा दिगोपना, पोषणसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकता, क्षेत्रगत कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, खानेपानी, सरसफाइ, खोप तथा उपचार, शिक्षा जस्ता आधारभूत सेवा सुविधामा वृद्धि गरी पोषणको अवस्थामा सुधार गर्न सकिन्छ ।

## ५. <u>पोषणका क्षेत्रमा देखिएका समस्या</u>

नेपालको पन्ध्रौं योजनाले सरोकारवालाहरुबीच प्रभावकारी समन्वय तथा सहकार्यको न्यूनतालाई खाद्य र पोषण सुरक्षा क्षेत्रको मुख्य समस्याको रुपमा रहेको औंल्याएको छ । यसै गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व कमी हुनु, उपलब्ध खाद्यको आपूर्ति तथा वितरण प्रणाली प्रभावकारी हुन नसक्दा दुर्गम, हिमाली र केही तराई क्षेत्रमा खाद्य उपलब्धता तथा पहुँचको अवस्था कमजोर रहनु, मूल्यवृद्धिको कारण सिमान्तकृत समुदायको खाद्यवस्तुको क्रयशक्ति र पहुँच नहुनु, जलवायु परिवर्तन तथा अन्य प्राकृतिक विपत्तिका कारणले उत्पादकत्वमा ह्रास हुनु, स्थानीय पोषिलो रैथाने बालीको उत्पादन तथा उपभोगमा कमी रहनु, कृषि उपजहरुमा विषादीको मात्रा बढी हुनु, खाद्यवस्तुमा गैरखाद्यबस्तुको मिसावट रहनु यस क्षेत्रका मुख्य समस्या रहेका छन् ।

यसका अतिरिक्त आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पुग्न नसक्नु, पोषिलो खाना, सरसफाइ र आधारभूत स्वास्थ्य सेवामा महिला तथा बालबालिकाको पहुँच नहुनु, विद्यालयमा किशोरीमैत्री सन्तुलित खाना खाने व्यवहार सम्बन्धी जनचेतनाको कमी हुनु, गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र एकरुपता कायम गर्न नसक्नु, मातृ मृत्युदर घट्ने क्रममा भएपनि अझै मातृ मृत्युदर उच्च रहनु, ५ वर्षमुनिका करिब एक तिहाईभन्दा बढी बालबालिका र प्रजनन उमेर समूहका महिलामा न्यून पोषण हुनु जस्ता समस्या पोषणका क्षेत्रमा देखिएको छ ।

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसक्नु, विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसक्नु, एक चौथाईभन्दा कम जनसंख्यालाई उच्च र मध्यमस्तरको खानेपानी सेवामा पहुँच हुनु, पर्याप्त मात्रामा स्वच्छ खानेपानीको उपलब्धता नहुनु, अपेक्षा अनुरुप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन नसक्नु, सरसफाइ सुविधाको कमी रहनु, मानव मल-मुत्रजन्य फोहोरको उचित व्यवस्थापनको अभावमा वातावरण क्रमश प्रदूषित हुँदै जानु पनि पोषण सुधारका लागि समस्याका रुपमा रहेको छ ।

## ६. पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिकाको औचित्य

दिगो विकास लक्ष्य तथा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी स्थानीय तहबाट उपलब्ध हुने सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु आजको आवश्यकता हो । सुनौला हजार दिनका आमा तथा बालबालिका र किशोरीहरुलाई प्राथमिकतामा राखी कुपोषण न्यूनीकरण गर्नेतर्फ सबै स्थानीय तहलाई अग्रसर गराउन तयार गरिएको यस कार्यान्वयन निर्देशिकाको औचित्य देहाय बमोजिम रहेको छ :

(क) पोषणमैत्री स्थानीय शासन सम्बन्धी बुझाइमा एकरुपता कायम गरी पोषणमैत्री स्थानीय शासन पद्धति सुदृढ गर्नु,

(ख) पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि साझेदारहरुबीच आर्थिक तथा प्राविधिक सहयोग लिने एवम् सहकार्यको वातावरण सिर्जना गर्नु,

(ग) पोषणमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकास गर्न सहयोग पुऱ्याउनु,

(घ) स्थानीय तहमा पोषणका क्रियाकलाप सञ्चालन गर्ने स्वास्थ्य, कृषि विकास, पशुपंक्षी विकास, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र शिक्षा क्षेत्रको एकीकृत योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सघाउ पुयाउनु,

(ङ) पोषणमैत्री स्थानीय तह घोषणाको लागि मार्गनिर्देश गर्नु ।

## ७. <u>विगतका सिकाइ</u>

स्थानीयस्तरमा समुदायको अपनत्व हुने गरी खुल्ला दिसामुक्त अभियान, पूर्णखोप अभियान, घरभित्रको धुँवा मुक्त अभियान, छाउपडी तथा बालविवाह विरुद्धको अभियान, पूर्ण सरसफाइ अभियान, पूर्ण साक्षर अभियान, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन र अभियानहरु सञ्चालन भइरहेका छन्। यस्ता अभियानहरुहरुबाट नेपालले सामाजिक विकासका क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ। यी र यस्तै अभियानका माध्यमबाट कुपोषणको समस्याबाट उन्मुक्ति पाउन सकिने अपेक्षा गरी यो कार्यान्वयन निर्देशिका तर्जुमा गरिएको छ ।

परिच्छेद-२

# परिभाषा

८. <u>परिभाषा</u>

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यान्वयन निर्देशिकामाः

(क) "अभियन्ता" भन्नाले स्थानीय, प्रदेश तथा राष्ट्रिय तहमा पोषण अभिवृद्धि तथा योजना तर्जुमा प्रकृयामा पोषणलाई प्राथमिकता दिने विषयमा बहस, पैरवी गर्ने स्वयंसेवी व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१४ बमोजिम गठन भएका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "जिल्ला समन्वय समिति" भन्नाले नेपालको संविधानको धारा २२० बमोजिम स्थापना भएको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(घ) "प्रदेश सम्पर्क मन्त्रालय" भन्नाले प्रदेशको कार्य विभाजन नियमावली अनुसार स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने प्रदेश मन्त्रालयलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश क्षेत्रगत मन्त्रालय" भन्नाले प्रदेशको कार्य विभाजन नियमावली अनुसार कृषि, पशुपक्षी, खानेपानी, स्वास्थ्य, सरसफाइ, महिला, बालबालिका, शिक्षा क्षेत्र हेर्ने गरी कार्यक्षेत्र तोकिएका प्रदेश मन्त्रालयहरु सम्झनु पर्छ ।

(च) "पोषण मैत्री वडा" भन्नाले यस कार्यान्वयन निर्देशिका बमोजिम तोकिएका सूचक पूरा गरी पोषण मैत्री वडा भनी घोषणा गरिएका स्थानीय तहका वडालाई सम्झनु पर्छ ।

(छ) "पोषण मैत्री स्थानीय तह" भन्नाले यस कार्यान्वयन निर्देशिका बमोजिम तोकिएका सूचक पूरा गरी पोषण मैत्री स्थानीय तह भनी घोषणा गरिएको स्थानीय तहलाई सम्झनु पर्छ ।

(ज) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिम गठन भएका वडा समितिलाई बुझाउँछ।

(झ) "विकास साझेदार" भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरु, संयुक्त राष्ट्रसङ्घीय निकायहरु र पोषणको क्षेत्रमा लगानी गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनु पर्छ ।

(ञ) "विषयक्षेत्रगत मन्त्रालय" भन्नाले नेपाल सरकार कार्य विभाजन नियमावली अनुसार कृषि, पशुपक्षी, खानेपानी, स्वास्थ्य, सरसफाइ, महिला, बालबालिका, शिक्षा क्षेत्र हेर्ने सङ्घीय मन्त्रालय सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ठ) "सामुदायिक सङ्घसंस्था" भन्नाले स्थानीय कानून बमोजिम स्थापना भएका सामुदायिक सङ्घसंस्थालाई सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमका गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ ।

परिच्छेद-३

## पोषण सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

### ९. पोषणसँग सम्बन्धित नीतिहरु

### ९.१ राष्ट्रिय पोषण नीति तथा रणनीति, २००४

नेपाल सरकारको राष्ट्रिय पोषण नीति तथा रणनीति (सन् २००४) को प्रमुख उद्देश्य पोषण सम्बन्धी कार्यक्रमहरु मार्फत बाल तथा मातृ मृत्युदरमा सुधार ल्याउनु रहेको छ। शारीरिक तथा मानसिक वृद्धि र स्वस्थ जीवनको लागि उपयुक्त मात्रामा पोषणको आवश्यकता पर्दछ।उपयुक्त मात्रामा पोषण पाउने हरेक मानिसको आधारभूत हक हो।

कुपोषणको विभिन्न प्रकार मध्ये नेपालमा देखिएको मुख्य प्रकारका कुपोषण (न्यूनपोषण) हरु उचाइ अनुसार तौल (ख्याउटेपना), उमेर अनुसार उचाइ (पुडकोपन), उमेर अनुसार तौल (कम तौल) र सूक्ष्म पोषक तत्वको कमी हुन् । विशेष गरी कुपोषणले बालबालिका र महिलाहरुको स्वास्थ्यमा धेरै नराम्रो असर गर्दछ । साधारण र मध्यमस्तरका कुपोषणबाट ग्रसित बालबालिका र महिलाहरुमा संक्रामक रोगहरुसँग प्रतिरोध गर्न सक्ने क्षमतामा कमी हुने भएका कारण धेरै जोखिममा हुन्छन । कुपोषणले मानिसको स्वास्थ्यलाई मात्र असर गर्दैन, बरु यसले देशकै गुणस्तरीय जीवन र सामाजिक आर्थिक विकासमा नकरात्मक असर पार्दछ ।

### ९.२ कृषि विकास रणनीति (२०१५-२०३५)

नेपाल सरकारले कृषि क्षेत्रको समग्र विकास एवम् मार्गनिर्देशको लागि २० वर्षे कृषि विकास रणनीति (सन् २०१५-२०३५) ल्याएको छ ।जस अनुसार खाद्य संप्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्रको परिकल्पना सहित आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने रणनीति लिएको लिइएको छ । कृषि विकास रणनीतिको परिकल्पना पूरा गर्न सुशासन, उत्पादकत्व, व्यवसायीकरण र प्रतिस्पर्धी क्षमताद्वारा कृषि क्षेत्रको द्रुत विकास गर्ने चार रणनीतिक आधारहरु तय गरिएका छन् । यो रणनीतिले खाद्य जनित गरिबी, पुड्कोपन, कम तौल, ख्याउटेपन, प्रजनन् उमेरका महिलामा हुने BMI लाई न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । समावेशीकरणको प्रवर्द्धन, निजी तथा सहकारी क्षेत्रको विकास, पूर्वाधारहरुको विकास, बहुक्षेत्रीय सञ्जाल वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, गरिबी निवारण, ग्रामीण घरपरिवारको आय वृद्धिका साथै कृषकका अधिकार सुनिश्चित गर्ने अपेक्षा समेत यस रणनीतिले राखेको छ ।

### ९.३ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

नेपालको संविधानले प्रदत्त गरेको नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संरचना निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐनमा विभिन्न व्यवस्था गरिएको छ ।उक्त ऐनले बिना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने, भोकबाट मुक्त हुने, खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने, भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारको खाद्यमा दिगो पहुँच र पोषणमा सहायता गर्ने जस्ता व्यवस्था गरेको छ । यसैगरी लक्षित परिवार तथा विपद्को अवस्थामा तोकिएका व्यक्ति र परिवारलाई निःशुल्क वा सहुलियत रुपमा खाद्य वस्तुको सहायता स्थानीय तहबाट उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । स्थानीय स्तरमा उत्पादित परम्परागत खाद्य तथा पोषणको प्रबन्ध गर्ने, स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादन, प्रवर्द्धन, बजारीकरण, उपभोक्ताको पहुँच सुनिश्चित, खाद्य तथा पोषण शिक्षा र सूचना, स्थानीय खाद्य समन्वय समितिको व्यवस्था समेत उक्त ऐनले गरेको छ ।

### ९.४ राष्ट्रिय स्वास्थ्य नीति, २०७४

राष्ट्रिय स्वास्थ्य नीति, २०७४ ले सबै नेपाली नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने सोच राखेको छ । रणनीतिमा स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई बिस्तार गरी कुषोषणलाई न्यूनीकरण गर्ने र पोषण सम्बन्धी जनचेतना बढाउने, विद्यालय जाने उमेरका बालवालिकाका स्वास्थ्य तथा पोषण प्रवर्द्धनलाई विशेष रुपले सम्बोधन गर्ने रणनीति लिएको छ । उक्त नीतिले आधारभूत मानव अधिकारको रुपमा सबै नागरिकको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरी न्यायसँगत एवम् जवाफदेही स्वास्थ्य प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउदै दिगो विकास लक्ष्यलाई सफलीभूत गराउने लक्ष्य लिएको छ ।

### ९.५ बहुक्षेत्रीय पोषण योजना (२०७५ /७६-२०७९ /८०)

आमा र शिशुमा रहेको दीर्घ कुपोषण न्यूनीकरण गर्न तथा पोषणको स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७४) ल्याइएकोमा यसैको निरन्तरता स्वरुप आगामी दश वर्षभित्रमा महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषण हटाई मानव पुँजीको विकास गर्ने दीर्घकालीन सोच सहित योजनाको बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५-२०७९) कार्यान्वयनमा रहकोछ । पोषण विशेष, पोषण संवेदनशील र समर्थ बनाउने वातावरणसम्बन्धी कार्यक्रमहरूको बिस्तार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउनु यस योजनाको

लक्ष्य रहेको छ । योजनाले ३ वटा उपलब्धिका लागि २४ वटा प्रतिफल तय गरेको छ । योजनाले स्वास्थ्य, कृषि तथा पशुपालन, खानेपानी तथा सरसफाइ, शिक्षा, महिला तथा बालबालिका र स्थानीय शासन क्षेत्र जस्ता विषयलाई पोषणका क्षेत्रको रुपमा पहिचान गरेको छ । पोषण अवस्थामा सुधारको लागि सबै क्षेत्रको समन्वयात्मक पहल र प्रयास आवश्यक पर्ने विषय समेत यस योजनाले औल्याएको छ ।

### ९.६ पन्ध्रौं योजना (२०७६ /७७-२०८० /८१)

पन्ध्रौं योजनाले गुणस्तरीय मानव पुँजी निर्माणलाई रुपान्तरणका प्रमुख सम्बाहकको रुपमा लिएको छ। योजनाको परिच्छेद ६ मा आर्थिक क्षेत्र अन्तर्गत खाद्य सुरक्षा र पोषण र परिच्छेद ७ मा सामाजिक क्षेत्र अन्तरगत स्वास्थ्य तथा पोषण, खानेपानी र सरसफाइ, बालबालिका र किशोरकिशोरी सम्बन्धी व्यवस्था उल्लेख गरेको छ । योजनाले एकीकृत खोप तथा पोषण कार्यक्रमलाई लागत अनुमान सहित मुख्य कार्यक्रमको रुपमा प्रस्ताव गरेको छ। साथै योजनाले पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रम मार्फत महिला बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्ने कार्यलाई अपेक्षित उपलब्धिको रूपमा समावेश गरेको छ।यसै गरी योजनाले बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई स्वास्थ्य तथा पोषण क्षेत्रको रणनीतिको रुपमा उल्लेख गरेको छ।

### ९.७ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसङघको अगुवाईमा विश्वव्यापी लक्ष्यको रुपमा दिगो विकास लक्ष्य मार्फत सन् २०३० सम्ममा भोकमरीको र सबै प्रकारका कुपोषणसम्बन्धी समस्याहरू अन्त्य गर्न सबै देशहरू प्रतिबद्ध रहेका छन् । "भोकमरीको अन्त्यगर्ने, खाद्य सुरक्षा तथा पोषणको अवस्थामा सुधार गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने" विषयहरू दिगो विकास लक्ष्य नं. २ मा समावेश गरिएको छ । दिगो विकासका १७ लक्ष्यहरूमध्ये १२ वटा लक्ष्यहरूमा पोषणसँगसम्बन्धित सूचकहरू समावेश गरिएका छन् । यीमध्ये लक्ष्य नं. १, २, ३ र ६ पोषणसँग बढी सम्बन्धित छन् । पोषणको अवस्था सुधार गर्न उल्लेखनीय योगदान गर्ने कार्यक्रमहरूको बिस्तारले पोषणको क्षेत्रका साथै दिगो विकासका अन्य लक्ष्यहरू दीर्घकालीन रूपमा हासिल गर्न समेत सहयोग पुग्नेछ ।

## १०. <u>पोषणसँग सम्बन्धित कानूनी व्यवस्था</u>

### १०.१ नेपालको संविधान

नेपालको संविधानले प्रत्याभूत गरेका स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, महिलाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक पोषणसँग सम्बन्धित मौलिक हक रहेको देखिन्छ ।

यसैगरी नेपालको संविधानमा मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने विषयलाई राज्यका नीतिको रुपमा उल्लेख गरिएको छ ।

## १०.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारको “आधारभूत स्वास्थ्य र सरसफाइ” खण्डमा आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन, आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन, स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर नियमन, सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन, महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन जस्ता विषयबस्तुहरु समावेश गरी स्थानीय तहबाट यी विषयहरुको कार्यान्वयन गर्नुपर्ने विषय उल्लेख छ ।

## १०.३ बालबालिका सम्बन्धी ऐन २०७५ तथा बालवालिका सम्बन्धी नियमावली, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्ने व्यवस्था गरेको छ । साथै, बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ । यस्तै ऐनको दफा ४ (१) ले बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थ्य उपचार, खेलकूद तथा मनोरञ्जन सुविधाहरुको व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान राखेको छ ।

## परिच्छेद-४

## सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियान तथा दिगो विकास लक्ष्यले तोकेका सूचक पुरा गर्न सघाउ पुग्ने गरी मानव पुँजीको विकास गर्न यो कार्यान्वयन निर्देशिका तर्जुमा गरिएको छ। यो कार्यान्वयन निर्देशिकाको सोच, लक्ष्य, उद्देश्य र रणनीति देहाय बमोजिम तय गरिएको छः

### ११. सोच

स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजीको निर्माण ।

### १२. लक्ष्य

वि.स. २०८७ भित्र सवै स्थानीय तहहरुलाई पोषणमैत्री बनाउने ।

### १३. उद्देश्य

महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार गर्नु,

बहुक्षेत्रीय अभ्यासलाई संस्थागत गर्नु,

स्थानीय तहको नीति, योजना, कार्यक्रम र सेवा प्रवाहमा सुधार गरी पोषणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन गर्नु।

### १४. रणनीति

स्थानीय तहबाट वडा र गाउँपालिका तथा नगरपालिकालाई पोषणमैत्री बनाउन देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ। यस सम्बन्धी कार्यजिम्मेवारी सहितको व्याख्या अनुसूची १ मा दिइएको छ ।

| सि.नं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १४.१ | सचेतना र पैरवी | १.१ सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन निर्देशिकामा आधारित भई अभिमुखीकरण गरिनेछ।<br>१.२ स्थानीय तहको पोषण प्रोफाइल अनुसार पोषण नीति तर्जुमा गर्न पैरवी गरिनेछ।<br>१.३ आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेश गर्न छलफल तथा पैरवी गरिनेछ।<br>१.४ स्थानीय तहमा विभिन्न विधामा ख्यातिप्राप्त व्यक्ति वा |

| | | |
|---|---|---|
| | | समूहलाई पोषण अभियन्तामार्फत सचेतना र पैरवी गरिनेछ।<br>१.५ स्थानीय खाद्य पदार्थमा पाईने पोषक तत्वहरुको सम्बन्धमा सचेतना अभिवृद्धि गरिनेछ।<br>१.६ पोषणमैत्री आचरण र व्यवहार प्रवर्द्धन गर्न पैरवी गरिनेछ।<br>१.७ बहुक्षेत्रीय पोषण योजनाले तोकेका लक्षित समूहको लागि कार्यक्रम तर्जुमा गर्न पैरवी गरिनेछ। |
| १४.२ | मूलप्रवाहीकरण | २.१ पोषणमैत्री स्थानीय तह घोषणाका लागि कार्यान्वयन निर्देशिका अनुसारका क्रियाकलाप सञ्चालन गर्न सभा, कार्यपालिका तथा अन्य सरोकारवालाबाट प्रतिबद्धता गरिनेछ।<br>२.२ पोषण सम्बन्धी विषयलाई वडा तथा स्थानीय तहको नीति, योजना, कार्यक्रममा समाहित गरिनेछ।<br>२.३ पोषणसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय तहको सहभागितामूलक योजना तर्जुमाको विधिबाट छनोट गरिनेछ।<br>२.४ स्थानीय तहको क्षेत्रगत योजनामा पोषणसँग सम्बन्धित विषयलाई समावेश गरिनेछ।<br>२.५ क्षेत्रगत तालिमहरुमा पोषण विषय समावेश गरिनेछ।<br>२.६ पूर्वाधार विकासको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा पोषण संवेदनशील विषयलाई जोड दिइनेछ।<br>२.७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायू परिवर्तन, विपद्‌जोखिम न्यूनीकरण लगायतका अन्तरसम्बन्धित विषयहरुसँग सम्बन्धित नीति तथा योजना तर्जुमा गर्दा पोषणसँग सम्बन्धित क्रियाकलापहरु समावेश गरिनेछ। |
| १४.३ | संस्थागत विकास | ३.१ बहुक्षेत्रीय पोषण योजनामा भएको व्यवस्था अनुसारका समितिहरुको गठन गरी सबै तहका समितिलाई क्रियाशील गरिनेछ।<br>३.२ गाउँपालिका/नगरपालिका र वडामा पोषणमैत्री स्थानीय शासनको प्रभावकारिताको लागि संयोजक तथा विषयगत शाखाका सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने व्यवस्था मिलाइनेछ।<br>३.३ पोषणमैत्री स्थानीय तह प्रवर्द्धनको लागि आवश्यकता अनुसार कार्यदल, कार्यटोली र समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गरिनेछ। |

| | | |
|---|---|---|
| १४.४ | बहुक्षेत्रीय प्रयासको अवलम्बन | ४.१ बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि, पशुविकास, खानेपानी तथा सरसफाइ, महिला बालवालिका, शिक्षा, स्वास्थ्य तथा स्थानीय सुशासनलाई समन्वयनात्मक रुपमा परिचालन गरिनेछ।<br>४.२ पोषण विशेष र पोषण संवेदनशील कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गरिनेछ।<br>४.३ विषयगत क्षेत्रबाट हुने नियमित क्रियाकलापहरुलाई बहुक्षेत्रीय पोषण योजना दोस्रोले तोकेका लक्षित समूहमा सञ्चालन गर्न प्राथमिकता दिइनेछ।<br>४.४ गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने पोषणसँग सम्बन्धित क्रियाकलपाहरुलाई बहुक्षेत्रीय अवधारणा अनुसार सञ्चालन गरिनेछ। |
| १४.५ | सूचना, शिक्षा र सञ्चार (अभिलेख, अभियान, अन्तरक्रिया, छलफल, प्रकाशन, सार्वजनिक सञ्चार माध्यमको उपयोग) | ५.१ पोषण प्रोफाइलको तयारी, अद्यावधिक र सार्वजनिकीकरण गरिनेछ।<br>५.२ पोषण सम्बन्धी श्रव्य दृष्य सामग्री उत्पादन र प्रशारण, जानकारी पुस्तिका (ब्रोसियर), लिफलेट, पम्प्लेट जस्ता छापा सामग्री प्रकाशन र वितरण गरिनेछ।<br>५.३ सञ्चार माध्यमसँग नियमित अन्तरक्रिया एवम् छलफल गरिनेछ।<br>५.४ स्थानीय तहबाट विद्यालय तहको स्थानीय पाठ्यक्रममा पोषण विषय समावेश गरिनेछ।<br>५.५ विद्यालय भित्र र विद्यालय बाहिर रहेका किशोर/किशोरीहरुको लागि जीवनउपयोगी सीप सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ। |
| १४.६ | क्षमता विकास | ६.१ निर्देशक समितिका सदस्य, सभा तथा कार्यपालिका सदस्य एवम् सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका कार्यान्वयन निर्देशिकामा आधारित भई क्षमता विकास गरिनेछ।<br>६.२ विषयगत क्षेत्रका कर्मचारीहरुलाई पोषणमैत्री स्थानीय शासन प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम, गोष्ठि तथा अन्य क्षमता विकासका कार्य गरिनेछ।<br>६.३ विद्यालय/स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला |

| | | |
|---|---|---|
| | | समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवाको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ।<br>६.४ बहुक्षेत्रीय पोषण सम्बन्धी विषयमा वहस पैरवी तथा असल अभ्यासहरुको अनुशरण र आदानप्रदान गरिनेछ।<br>६.५ स्रोत व्यक्ति एवम् प्रशिक्षकहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ। |
| १४.७ | सामाजिक परिचालन | ७.१ महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरूलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरू घरपरिवार र समुदायस्तरसम्म सञ्चालन गरिनेछ।<br>७.२ लैङ्गिक हिंसा, बालविवाह, छाउपडी, कमलरी, देउकी लगायत सामाजिक कुप्रथा एवम् अन्धविश्वास, कुरीति, कुसंस्कार विरुद्ध सामाजिक अभियान सञ्चालन गरिनेछ।<br>७.३ खुला दिशामुक्त, पूर्ण सरसफाइ, पूर्ण खोप, पूर्ण साक्षर, घरभित्रको धुवामुक्त, बालमैत्री, वातावरणमैत्री जस्ता विभिन्न अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>७.४ लक्षित समूहमा उद्यमशीलता प्रवर्द्धन गरी आयस्तर वृद्धि गरिनेछ।<br>७.५ विद्यालय/स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवालाई पोषण प्रवर्द्धनमा परिचालन गरिनेछ।<br>७.६ पोषणसँग सम्बन्धित विद्यमान सकारात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता, आदर्श व्यक्ति, समूह तथा सामाजिक एवम् सामुदायिक संस्थाहरूलाई परिचालन गरिनेछ। |
| १४.८ | लक्षित कार्यक्रम सञ्चालन | ८.१ लक्षित समूहको पहिचान गरी उनीहरुको सहभागितामा, पोषण लक्षित तथा पोषण संवेदशील कार्यक्रम सञ्चालन गरिनेछ।<br>८.२ बहुक्षेत्रीय पोषण सम्वद्ध सवै सरोकारवाला, सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। |
| १४.९ | निजी क्षेत्र तथा | ९.१ प्रतिस्पर्धी बजार मूल्यमा स्थानीय बजारमा खाद्य सामग्री |

| | | |
|---|---|---|
| | नागरिक समाजसँग सहकार्य | नियमित उपलब्ध गराइनेछ।<br>९.२ व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत पोषणसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ।<br>९.३ बजारमा उपलब्ध गराइने खाद्यान्नको गुणस्तर र स्वच्छता कायम गरिनेछ।<br>९.४ नागरिक समाजका प्रतिनिधिहरु समेतको सहभागितमा गरिने बजार अनुगमनमा सहयोग गरिनेछ। |
| १४.१० | सुशासन | १०.१ पोषणमैत्री स्थानीय तह प्रवर्द्धनका लागि गरिएका क्रियाकलाप र सोको प्रगति कार्यालयको सूचना पाटी, वेबसाइट तथा आवश्यकता अनुसार आमसञ्चार माध्यमबाट नियमित रुपमा सार्वजनिकीकरण गरिनेछ।<br>१०.२ पोषणमैत्री स्थानीय तहका सूचक प्राप्तिको लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाइनेछ।<br>१०.३ पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने क्रियाकपालहरु सञ्चालन गरिनेछ। |
| १४.११ | नतिजामुखी अनुगमन | ११.१ पोषणमैत्री स्थानीय शासनको लागि तोकिएको सूचकको आधारमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गरिनेछ।<br>११.२ पोषण सम्बन्धी अनुगमनमा स्थानीय विकासका साझेदार तथा अन्तराष्ट्रिय विकास समुदायसँग सहकार्य र साझेदारी गरिनेछ।<br>११.३ स्थानीय तहको आवधिक समीक्षामा पोषणको नतिजा समावेश गर्ने र विकास साझेदार निकायबाट सम्पादित कामको समेत प्रगति समीक्षा गरिनेछ।<br>११.४ अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने व्यक्ति, अभियन्ता, संस्था, विकास साझेदार, अन्य सहयोगी निकाय, वडा तथा स्थानीय तहलाई पुरस्कृत गरिनेछ। |
| १४.१२ | मूल्याङ्कन र दिगोपनको सुनिश्चितता | १२.१ पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचकहरु प्राप्तिको दिगोपनाको लागि कार्ययोजना तर्जुमा गरिनेछ।<br>१२.२ बहुक्षेत्रगत प्रयासलाई निरन्तरता दिइनेछ।<br>१२.३ प्रत्येक वर्षको वार्षिक समीक्षाका सूचकमा आधारित भई प्रगति विवरण सार्वजनिक गरिनेछ। |

| | | |
|---|---|---|
| | | १२.४ पोषणमैत्री स्थानीय तहका सूचकका उपलब्धिको प्रत्येक ३/३ वर्षमा तेस्रो पक्षबाट मूल्याङ्कन गराइनेछ। |

परिच्छेद- ५

## पोषणमैत्री स्थानीय शासनका चरणहरु

### १५. पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रिया

पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका प्रक्रिया देहायबमोजिम हुनेछः

१) पूर्वतयारी चरण

(१) पोषणमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर सभा सदस्य, गाउँ/नगर कार्यपालिकाका पदाधिकारी, पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने ।

(२) कार्यपालिकाबाट पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने ।

(३) कार्यपालिका र पोषणमैत्री स्थानीय शासन गाउँ/नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट लिखित प्रतिबद्धता गर्ने ।

(४) पोषणमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाका सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा पोषणको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन गर्ने ।

(५) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय कार्यविधि तथा आचार संहिता तर्जुमा गर्ने ।

२) तयारी चरण

(१) गाउँपालिका/नगरपालिका र वडामा पोषणमैत्री स्थानीय शासनको लागि संस्थागत प्रवन्ध (संयोजक, विषयगत शाखाका सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने ।

(२) पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि वडाहरुको प्राथमिकीकरण गर्ने ।

(३) पोषणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने ।

(४) पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने।

<u>३) योजना तर्जुमाको चरण</u>

(१) पोषणमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको एकीकृत योजना तर्जुमा गर्ने ।

(२) छनोट भएका क्षेत्रगत क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्ने ।

(३) विकास साझेदार, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रका कार्यक्रमहरुलाई स्थानीय तहको कार्यक्रम र बजेटमा आबद्धता कायम गर्ने ।

<u>४) कार्यान्वयनको चरण</u>

(१) क्षेत्रगत निकाय, साझेदार र अन्य सरोकारवालाहरुबीच समन्वय र सहकार्य गर्ने ।

(२) स्वीकृत वार्षिक क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

(३) पोषणमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

<u>५) अनुगमन, मूल्यांकन र प्रतिवेदनको चरण</u>

(१) वडा समिति, गाउँ /नगरस्तरीय समितिबाट सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने ।

(२) पोषणमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयार गरी सार्वजनिकीकरण गर्ने।

(३) पोषणमैत्री स्थानीय तह घोषणाको लागि तोकिएको निकायबाट अनुगमन गर्ने गराउने ।

(४) वडा समिति /कार्यपालिकाबाट सूचक पुरा भएको प्रमाणिकरण गर्ने ।

(५) पोषणमैत्री वडा वा स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने।

<u>६) पोषणमैत्री वडा /गाउँपालिका /नगरपालिका घोषणाको चरण</u>

(१) पोषणमैत्री वडा /गाउँपालिका /नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने।

(२) पोषणमैत्री वडा घोषण गर्न कार्यपालिका र गाउँपालिका /नगरपालिका घोषणा गर्न सम्बन्धित गाउँ /नगर सभाले निर्णय गर्ने ।

(३) पोषणमैत्री वडा /गाउँपालिका /नगरपालिका घोषणा गर्ने।

(४) तोकिएका लक्ष्यहरु नियमित रुपमा कम्तिमा २ वर्ष सम्म प्राप्त भएपछि मात्र पोषणमैत्री वडा।गाउँपालिका।नगरपालिका घोषण गर्ने ।

**७) पोषणमैत्री वडा /गाउँपालिका /नगरपालिका घोषणाको निरन्तरताको चरणः**

(१) पोषणमैत्री वडा /गाउँपालिका /नगरपालिका घोषणा पश्चातको रणनीतिक योजनाको कार्यान्वयन गर्ने।

(२) पोषणमैत्री स्थानीय शासनका सूचकहरुको दिगोपनाको सुनिश्चितता गर्ने।

## १६. पोषणमैत्री स्थानीय तह घोषणाः

यस कार्यान्वयन निर्देशिका बमोजिम पोषणको अवस्थाको आधारमा पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ । स्थानीय तहले अनुसूची -२ बमोजिमका सूचकको विद्यमान अवस्था देखिने गरी पोषण पार्श्वचित्र तयार गर्नु पर्नेछ ।यस आधारमा पोषण पार्श्वचित्र तयार गर्ने गाउँपालिका तथा नगरपालिकालाई **पोषणमैत्री स्थानीय तह अवलम्बन गरेको स्थानीय तह** मानिनेछ। सोही अनुसूचीमा उल्लेख भएको सूचकमा तोकिएको उपलब्धि हासिल भएको आधारमा सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले पोषण उन्मुख वा पोषणमैत्री वडा घोषणा गर्न सक्नेछन्।स्थानीय तहको पाश्वचित्रको आधारमा तोकिएको सूचक पूरा भएको भनी सम्बन्धित गाउँ।नगर कार्यपालिकाको निर्णय र प्रदेश तहको निर्देशक समितिको निर्णयबाट गाउँ /नगरपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ।

परिच्छेद- ६

## पोषणमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था

पोषणमैत्री स्थानीय तह निर्माणको लागि उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नेतृत्वदायी भूमिका रहन्छ। पोषण तथा खाद्य सुरक्षा समन्वय समितिले विषयगत मन्त्रालयसँग समन्वय गरी पोषणका सूचकमा सुधार गर्न कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न निर्देशन दिनेछ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि समन्वयकारी भूमिका निर्वाह गर्नेछ। विषयगत मन्त्रालयबाट आवधिक तथा क्षेत्रगत योजना एवम् वार्षिक कार्यक्रममा पोषणका सूचकहरुलाई वृद्धि गर्ने क्रियाकलाप सञ्चालन भएका हुनेछन् । साथै, पोषणका सूचकलाई आधार मानी मातहतका निकायहरुको वार्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था मिलाउनेछन्।

पोषणमैत्री स्थानीय शासनको लागि नीतिगत वकालत गर्ने, संस्थागत विकासको लागि अन्य निकायहरुलाई मूल प्रवाहीकरण गर्ने, आवधिक र दीर्घकालीन योजना बनाउने, पोषणमैत्री वडा तथा स्थानीय तहसम्बन्धी सूचकहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, स्थानीय तहको स्रोतबाट पोषणमैत्री शासन पद्धति र सेवा प्रवाहमा स्रोतको सुनिश्चितता गराउने, स्थानीय तहलाई विशेष तथा सशर्त अनुदान उपलव्ध गराउन पैरवी गर्ने, विषयगत मन्त्रालयहरुलाई पोषणमैत्री योजना तर्जुमा गर्न समन्वय र सहकार्य गर्नेजस्ता कार्य सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउनेछ ।

राष्ट्रिय योजना आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रले पोषणमैत्री शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नेछन् । पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गरी समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्न संङ्घीय, प्रदेश, स्थानीय तह तथा वडास्तरमा रहने "पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू" प्रभावकारी रुपमा क्रियाशिल हुनेछन् ।

### १७. विभिन्न तहमा बहुक्षेत्रीय संरचना

बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनको लागि सङ्घ, प्रदेश, जिल्ला तथा स्थानीय तहमा काम, कर्तव्य र अधिकार सहितको निर्देशक समिति तथा समन्वय समितिहरुको व्यवस्था छ। बहुक्षेत्रीय पोषण योजनामा तोकिएको अतिरिक्त पोषणमैत्री स्थानीय तहको प्रवर्द्धनको लागि समितिहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१८. <u>१ उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति</u>

- अध्यक्षः उपाध्यक्ष, राष्ट्रिय योजना आयोग
- सह-अध्यक्षः स्वास्थ्य तथा पोषण क्षेत्र हेर्ने सदस्य, राष्ट्रिय योजना आयोग
- सदस्यः अन्य सदस्यहरु, राष्ट्रिय योजना आयोग
- सदस्यः विषय क्षेत्रगत मन्त्रालयका सचिवहरु
- सदस्यः पोषण तथा खाद्य सुरक्षासम्बन्धी विज्ञ- ४ जना
- सदस्य सचिव : सचिव, राष्ट्रिय योजना आयोग
- सह-सदस्य सचिव : सह-सचिव,सामाजिक क्षेत्र हेर्ने महाशाखा, राष्ट्रिय योजना आयोग

***(बहुक्षेत्रीय पोषण योजना (दोस्रो) ले निर्दिष्ठ गरेको कार्यसम्पादन गर्ने)***

१९. <u>२ राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समिति</u>

- संयोजकः सदस्य,राष्ट्रिय योजना आयोग (स्वास्थ्य तथा पोषण क्षेत्र हेर्ने)
- सदस्यः सदस्य,राष्ट्रिय योजना आयोग (कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा जेष्ठ नागरिक, शिक्षा, सङ्घीय मामिला, सञ्चार, वाणिज्य तथा आपूर्ति क्षेत्र हेर्ने)
- सदस्यः क्षेत्रगत मन्त्रालयहरुका नीति, योजना तथा वैदेशिक सहयोग, बजेट तथा कार्यक्रम वा पोषण सम्बन्धी महाशाखा प्रमुखहरु
- सदस्य : विभागीय प्रमुखहरु क्षेत्रगत मन्त्रालयहरुका विभागबाट
- सदस्य : कार्यकारी निर्देशक, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
- सदस्य : कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद्
- सदस्य : पोषण तथा खाद्य सुरक्षासम्बन्धी विज्ञ (२ जना)
- सदस्य : पोषण तथा खाद्य सुरक्षा क्षेत्रमा कार्यरत नागरिक समाज सञ्जालको प्रतिनिधि
- सदस्य : उद्योग बाणिज्य महासङ्घ, उद्योग परिसङ्घको प्रतिनिधि, (स्वास्थ्य तथा पोषणक्षेत्र हेर्ने)
- सदस्य सचिव : सह-सचिव, सामाजिक क्षेत्र हेर्ने महाशाखा, राष्ट्रिय योजना आयोग

***(बहुक्षेत्रीय पोषण योजना (दोस्रो) ले निर्दिष्ठ गरेको कार्यसम्पादन गर्ने)***

२०. <u>३ प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति</u>

- अध्यक्ष : उपाध्यक्ष, प्रदेश योजना /नीति आयोग
- सदस्य : महाशाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय (स्थानीय तह हेर्ने)

- सदस्य : योजना महाशाखा प्रमुख, (सामाजिक विकास मन्त्रालय, भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण)
- सदस्य : निर्देशनालय प्रमुख, (स्वास्थ्य सेवा, शिक्षा, कृषि विकास, पशुपंक्षी तथा मत्स्य विकास, खानेपानी तथा सरसफाइ)
- सदस्य : प्रदेशस्तरमा उपलब्ध पोषण तथा खाद्य सुरक्षासम्बन्धी विज्ञ २ जना
- सदस्य-सचिव : महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय

**प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

- सङ्घीय नीतिसँग अनुकूल हुने गरी प्रदेशस्तरको पोषणमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,
- स्थानीय तहमा पोषणमैत्री अभियानलाई प्रभावकारी बनाउन मार्गदर्शन गर्ने,
- पोषणमैत्री स्थानीय शासनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने गराउने,
- पोषणमैत्री स्थानीय शासनको लागि प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकायको परिचालन गर्ने,
- पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि विकास साझेदार र प्रदेश तथा स्थानीय तहका सामाजिक सङ्घसंस्था, नागरिक समाज, निजी क्षेत्रलाई परिचालन तथा समन्वय गर्ने,
- पोषणमैत्री स्थानीय तह घोषणाको स्वीकृति दिने,
- पोषणमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको कार्यान्वयन, अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्न गराउन समन्वयात्मक रूपले गर्नुपर्ने अन्य कार्य गर्ने ।

२१. <u>४ गाउँपालिका तथा नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति</u>

- अध्यक्ष : अध्यक्ष /प्रमुख, गाउँपालिका /नगरपालिका
- उपाध्यक्ष : उपाध्यक्ष /उपप्रमुख, गाउँपालिका /नगरपालिका
- सदस्य : प्रमुख प्रशासकीय अधिकृत
- सदस्य : वडा अध्यक्ष (सवै)
- सदस्य : गाउँ /नगर कार्यपालिकाको महिला सदस्यमध्ये अध्यक्षले तोकेको सदस्य १ जना
- सदस्य : गाउँ /नगर कार्यपालिकाको दलित महिला सदस्यमध्ये अध्यक्षले तोकेको सदस्य १ जना
- सदस्य : कार्यपालिका सदस्य(पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको संयोजन गर्न तोकिएको सदस्य)
- सदस्य, योजना महाशाखा /शाखा प्रमुख

- सदस्य : प्रमुख (स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका, शिक्षा, सुशासन,वाणिज्य र आपूर्ति र सञ्चार तथा अभिलेख व्यवस्थापन सम्बन्धी महाशाखा /शाखा /इकाई)
- सदस्य : अध्यक्ष /प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ
- सदस्य : अध्यक्ष /प्रतिनिधि, स्थानीय गैरसरकारी संस्था महासङ्घ
- सदस्य सचिव : सामाजिक महाशाखा /शाखा प्रमुख

समितिले आवश्यकताअनुसार सम्बन्धित गाउँपालिका /नगरपालिका भित्रका पोषण तथा खाद्य सुरक्षासँग सम्बन्धित विज्ञ तथा विकास साझेदारहरूलाई समेत उक्त बैठकमा आमन्त्रण गर्न सक्नेछ।

<u>स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार :</u>

- सङ्घीय र प्रदेश तहका नीतिहरूसँग अनुकूल हुनेगरी स्थानीय पोषण नीति तर्जुमा गर्ने,
- पोषणमैत्री स्थानीय शासनका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
- दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु समावेश गर्ने,
- पोषणमैत्री स्थानीय शासनका लागि वडा तथा गाउँबस्ती पहिचान गर्ने र सोही अनुसारका क्रियाकलापहरु सञ्चालन गर्ने,
- पोषणमैत्री स्थानीय शासनका लागि आवश्यकता अनुसार तोकिएका सूचकहरुलाई स्थानीयकरण गर्ने,
- पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयनमा समन्वय गर्ने र सम्बन्धित महाशाखा /शाखा /इकाइलाई आवश्यक निर्देशन दिने,
- स्थानीय गैरसरकारी संस्थाहरुलाई पोषणमैत्री स्थानीय तहका लागि तयार गरिने एकीकृत योजनामा लगानी गर्न निर्देशन गर्ने,
- पोषणमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन, प्रगतिको समीक्षा र उपलब्धिको मूल्याङ्कन गर्ने,
- पोषणमैत्री वडा घोषणाको स्वीकृतिको लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

२२. <u>५ वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति</u>

- अध्यक्ष : वडा अध्यक्ष
- सदस्य : वडा सदस्य (सबै)

- सदस्य : विषयगत इकाइ प्रमुखहरु (स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाज कल्याण, शिक्षासम्बन्धी वडास्तरीय विषयगत इकाइ भएमा)
- सदस्य : वडाभित्र रहेका सामुदायिक विद्यालयका महिला शिक्षक१ /१ जना
- सदस्य : वडामा कार्यरत गैरसरकारी सङ्घसंस्थामध्ये अध्यक्षले तोकेको १ जनाप्रतिनिधि
- सदस्य : टोल विकास संस्था, सामाजिक संस्थाहरु, महिला /आमा समूहहरु, बालक्लव /सञ्जालका अध्यक्षहरु मध्ये अध्यक्षले तोकेको सदस्य ५ जना
- सदस्य : वडाको महिला स्वास्थ्य स्वयंसेविकाहरु (सवै)
- सदस्य : वडाभित्रका विद्यालय व्यवस्थापन समिति तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका प्रतिनिधि १ /१ जना
- वडा सचिव- सदस्य-सचिव

<u>वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार :</u>

- पोषणमैत्री वडा बनाउन पोषणसम्बन्धी कार्यक्रमहरूको पहिचान गर्ने,
- वडा तथा स्थानीय तहको योजना प्रक्रियामा पोषणसँग सम्बन्धित क्रियाकलापहरु समावेश गर्न पैरवी गर्ने,
- पोषणमैत्री स्थानीय तहको सूचक प्राप्त गर्ने गरी क्रियाकलपाहरुको तयारी र कार्यान्वयन गर्ने,
- महिला र बालबालिका तथा किशोर /किशोरीको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,
- पोषणमैत्री वडा घोषणाको लागि वडा समितिमा सिफारिस गर्ने,
- स्थानीय तहमा पौषणमैत्री स्थानीय शासनका लागि गैरसरकारी संस्था तथा अन्य निकायबाट सञ्चालित पोषण कार्यक्रम अनुगमन गर्ने र प्रतिवेदन लिने ।

## २३. <u>संस्थागत भूमिका</u>

पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को कार्यान्वयनको लागि बहुक्षेत्रीय पोषण योजनामा उल्लेख भए बमोजिमका संयन्त्रबाट तोकिएको भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । पोषणमैत्री स्थानीय तह घोषणाको कार्यमा प्रत्यक्ष संलग्न रहने निकायहरुको संस्थागत भूमिका देहाय बमोजिम उल्लेख गरिएको छ ।

### (क) <u>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय</u>

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

- स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने ।
- स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि सञ्चालन हुने क्षमता विकास कार्यक्रममा पोषणका विषय समावेश गर्ने ।
- स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पोषणको अवस्था सुधार गर्ने क्रियाकलापहरु समावेश गर्न सहजीकरण गर्ने ।
- पोषणको क्षेत्रमा कार्यक्रम तर्जुमा गर्न राष्ट्रिय योजना आयोग, क्षेत्रगत मन्त्रालय तथा विकास साझेदारहरुसँग समन्वय गर्ने ।
- बहुक्षेत्रीय पोषणको एकीकृत प्रतिवेदन तयार गर्ने ।
- पोषणमैत्री स्थानीय तह घोषणाको लागि विषयगत मन्त्रालय तथा विकास साझेदारसँग समन्वय तथा सहकार्य गर्ने ।
- पोषणमैत्री स्थानीय तह घोषणाको लागि स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने ।
- पोषणसँग सम्बन्धित क्रियाकलापहरुको नियमित अनुगमन गर्ने ।
- पोषणयुक्त खानाको उत्पादन, वितरण र उपभोग वृद्धि गर्न स्थानीय तहलाई प्रोत्साहन गर्ने ।

**(ख) प्रदेश सम्पर्क मन्त्रालयः**

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा प्रदेश सम्पर्क मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

- वार्षिक बजेट तथा कार्यक्रमको लागि स्थानीय तहमा पठाउने मार्गदर्शनमा पोषणको विषय समावेश गर्न लेखी पठाउने ।
- पोषणमैत्री स्थानीय तह निर्माणको लागि स्थानीय तहलाई सहजीकरण गर्ने ।
- पोषणसँग सम्बन्धित तथ्यांक संकलन तथा अद्यावधिक गर्ने ।
- पोषणमैत्री स्थानीय तहका सूचकमा आधारित रही बजेट तथा कार्यक्रम तर्जुमा गर्न प्रदेश विषयगत मन्त्रालयलाई निर्देशन दिने ।
- पोषणको क्षेत्रमा काम गर्ने विकास साझेदारहरुसँग समन्वय गर्ने ।
- प्रदेश मातहतका निकाय तथा प्रदेश भित्र रहेका स्थानीय तहमा सञ्चालित पोषण सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरी पृष्ठपोषण दिने ।
- पोषणमैत्री स्थानीय तहका सूचक पूरा भएको सुनिश्चित गरी पोषणमैत्री स्थानीय तह घोषणाको लागि सहमति दिने ।
- पोषण सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा अन्तर सरकार समन्वय तथा सहकार्य गर्ने ।

(ग) <u>प्रदेश विषयगत मन्त्रालय</u>

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा प्रदेशका विषयगत मन्त्रालयहरुको भूमिका देहाय बमोजिम हुनेछः

- पोषणसँग सम्बन्धित तथ्यांकहरुको विश्लेषण गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने।
- पोषणको अवस्था अनुसार स्थानीय तहमा विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- पोषणका सूचकमा आधारित रही स्थानीय तहमा सशर्त कार्यक्रम सञ्चालन गर्ने ।
- पोषणमैत्री स्थानीय तहका सूचकको आधारमा नियमित अनुगमन गरी स्थानीय तहलाई पृष्ठपोषण दिने ।

(घ) <u>जिल्ला समन्वय समिति</u>

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा जिल्ला समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः

- पोषणको पाश्र्वचित्र तयारी गर्न गाउँ /नगरपालिकालाई सहयोग गर्ने ।
- पोषणमैत्री स्थानीय तह निर्माणको लागि एकीकृत योजना तर्जुमा र कार्यान्वयन गर्न स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने ।
- पोषणको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थालाई परिचालन गर्ने ।
- पोषणमैत्री स्थानीय तहका सूचकका आधारमा स्थानीय तहको अनुगमन गरी पृष्ठपोषण दिने।
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको पोषणमैत्री कार्यक्रमको प्रगति स्थितिको अनुगमन गरी नमूनायोग्य कार्यको प्रकाशन तथा सम्प्रेषण गर्ने ।

(ङ) <u>गाउँ /नगर कार्यपालिका</u>

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा कार्यपालिकाको भूमिका देहाय बमोजिम हुनेछः

- पोषणका क्रियाकलापहरुलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने ।
- पोषणमैत्री स्थानीय तहका सूचकमा आधारित रही नियमित अनुगमन गर्ने ।
- स्थानीयस्तरका गैरसरकारी संस्थाहरुलाई परिचालन गर्ने ।
- निजी क्षेत्र, सामुदायिक सङ्घसंस्था, नागरिक समाजलाई परिचालन गर्ने ।
- पोषणमैत्री वडा घोषणाको स्वीकृति दिने ।
- पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचक पूरा भएको प्रमाणिकरण गर्ने ।
- पोषणमैत्री स्थानीय तह घोषणाको लागि प्रदेशबाट हुने अनुगमनको समन्वय गर्ने ।

- पोषणमैत्री स्थानीय तह घोषणाको निर्णय गर्ने ।

(च) <u>वडा समिति</u>

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा वडा समितिको भूमिका देहाय बमोजिम हुनेछः

- वडास्तरीय कार्यक्रम तर्जुमा गर्दा पोषणलाई प्राथमिकतामा राख्ने ।
- वडा तहका सामुदायिक सङ्घसंस्था र नागरिकहरुलाई परिचालन गर्ने ।
- पोषणमैत्री वडाको लागि तोकिएका सूचक पूरा भएको प्रमाणिकरण गर्ने ।

(छ) <u>विकास साझेदार</u>

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा विकास साझेदारहरुको भूमिका देहाय बमोजिम हुनेछः

- नेपाल सरकारको नीति अनुसार पोषणको क्षेत्रमा लगानी गर्ने ।
- स्थानीय तहमा सञ्चालन गर्ने सबै क्रियाकलापहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्ने ।
- पोषणमैत्री स्थानीय तहका सूचक हासिल गर्न स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने।
- स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको नियमित प्रतिवेदन गर्ने ।

अनुसूची १

पोषणमैत्री स्थानीय शासन रणनीतिक ढाँचा

(दफा १४ सँग सम्बन्धित)

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| सचेतना र पैरवी | सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिकामा आधारित भई अभिमुखीकरण गरिनेछ। | स्थानीय तह |
| | स्थानीय तहको पोषण प्रोफाइल अनुसार पोषण नीति तर्जुमा गर्न पैरवी गरिनेछ । | गाउँ /नगर कार्यपालिका |
| | आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेश गर्न छलफल तथा पैरवी गरिनेछ। | स्थानीय तह |
| | स्थानीय तहमा विभिन्न विधामा ख्यातिप्राप्त व्यक्ति वा समूहलाई पोषण अभियन्ता मार्फत सचेतना र पैरवी गरिनेछ। | स्थानीय तह, अभियन्ता |
| | स्थानीय खाद्य पदार्थमा पाईने पोषक तत्वहरुको सम्बन्धमा सचेतना अभिवृद्धि गरिनेछ। | स्थानीय तह |
| | पोषणमैत्री आचरण र व्यवहार प्रवर्द्धन गर्न पैरवी गरिनेछ। | स्थानीय तह |
| | बहुक्षेत्रीय पोषण योजनाले तोकेका लक्षित समूहको लागि कार्यक्रम तर्जुमा गर्न पैरवी गरिनेछ। | स्थानीय तह |
| मूलप्रवाहीकरण | पोषणमैत्री स्थानीय तह घोषणाका लागि कार्यान्वयन निर्देशिका अनुसारका क्रियाकलाप सञ्चालन गर्न सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाबाट प्रतिवद्धता गरिनेछ। | गाउँ /नगर सभा र गाउँ /नगर कार्यपालिका |
| | पोषण सम्बन्धित विषयलाई वडा तथा स्थानीय तहको नीति, योजना, कार्यक्रममा समाहित गरिनेछ। | स्थानीय तह, वडा |
| | पोषणसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय तहको सहभागितामूलक योजना तर्जुमाको विधिबाट छनोट गरिनेछ। | स्थानीय तह |
| | स्थानीय तहको क्षेत्रगत योजनामा पोषणसँग सम्बन्धित विषयलाई समावेश गरिनेछ। | स्थानीय तह, स्थानीय तहका विषयगत शाखा |
| | क्षेत्रगत तालिमहरुमा पोषण विषय समावेश गरिनेछ। | स्थानीय तहका विषयगत शाखा |
| | पूर्वाधार विकासको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा पोषण संवेदनशील विषयलाई जोड गरिनेछ। | स्थानीय तह, पूर्वाधार शाखा |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायू परिवर्तन, विपद् जोखिम न्यूनीकरण लगायतका अन्तरसम्बन्धित विषयहरुसँग सम्बन्धित नीति तथा योजना तर्जुमा गर्दा पोषणसँग | स्थानीय तह, स्थानीय तहका विषयगत शाखा |

| | | |
|---|---|---|
| | सम्बन्धित क्रियाकलापहरु समावेश गरिनेछ। | |
| संस्थागत विकास | बहुक्षेत्रीय पोषण योजनामा भएको व्यवस्था अनुसारका समितिहरुको गठन गरी क्रियाशील बनाइनेछ। | रा.यो.आ., प्रदेश नीति /योजना आयोग, स्थानीय तह, वडा |
| | गाउँपालिका /नगरपालिका र वडामा पोषणमैत्री स्थानीय शासनको संयोजक, विषयगत शाखाका सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने व्यवस्था मिलाइनेछ। | गाउँ /नगर कार्यपालिका |
| | पोषणमैत्री स्थानीय तह प्रवर्द्धनको लागि आवश्यकता अनुसार कार्यदल, कार्यटोली र समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गरिनेछ। | स्थानीय तह |
| बहुक्षेत्रीय प्रयासको अवलम्बन | बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि, पशुविकास, खानेपानी तथा सरसफाइ, महिला बालवालिका, शिक्षा, स्वास्थ्य तथा स्थानीय सुशासनलाई समन्वयनात्मक रुपमा परिचालन गरिनेछ। | स्थानीय तह, स्थानीय तहका विषयगत शाखा |
| | पोषण विशेष र पोषण संवेदनशील कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गरिनेछ। | स्थानीय तह विषयगत शाखा, |
| | विषयगत क्षेत्रबाट हुने नियमित क्रियाकलापहरुलाई बहुक्षेत्रीय पोषण योजना दोस्रोले तोकेका लक्षित समूहमा सञ्चालन गर्न प्राथमिकता गरिनेछ। | सङ्घीय /प्रदेश /स्थानीय विषयगत मन्त्रालय /विभाग /शाखा |
| | गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने पोषणसँग सम्बन्धित क्रियाकलपाहरुलाई बहुक्षेत्रीय अवधारणा अनुसार सञ्चालन गरिनेछ। | सम्बन्धित गैर सरकारी संस्था |
| सूचना, शिक्षा र सञ्चार (अभिलेख, अभियान, अन्तरक्रिया, छलफल, प्रकाशन, मिडिया कभरेज) | पोषण प्रोफाइलको तयारी, अद्यावधिक र सार्वजनिकीकरण गरिनेछ। | स्थानीय तह |
| | पोषण सम्बन्धी श्रव्य दृष्य सामग्री उत्पादन र प्रशारण, जानकारी पुस्तिका (ब्रोसियर), लिफलेट, पम्प्लेट जस्ता छापा सामग्री प्रकाशन र वितरण गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह, |
| | सञ्चार माध्यमसँग नियमित अन्तरक्रिया, छलफल गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |
| | स्थानीय तहबाट विद्यालय तहको स्थानीय पाठ्यक्रममा पोषण विषय समावेश गरिनेछ। | स्थानीय तह |
| | विद्यालय भित्र र विद्यालय बाहिर | स्थानीय तह, विद्यालय |

| | | |
|---|---|---|
| | रहेकाकिशोर /किशोरीहरुको लागि जीवनउपयोगी सीप सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ। | |
| क्षमता विकास | निर्देशक समितिका सदस्य, सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन निर्देशिकामा आधारित भई क्षमता विकास गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |
| | विषयगत क्षेत्रका कर्मचारीहरुलाई पोषणमैत्री स्थानीय शासन प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम, गोष्ठि तथा अन्य क्षमता विकासका कार्य गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |
| | विद्यालय/स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवाको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ। | स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था, संस्था, टोल विकास संस्था |
| | बहुक्षेत्रीय पोषण सम्बन्धी विषयमा वहस पैरवी तथा असल अभ्यासहरुको अनुशरण र आदानप्रदान गरिनेछ। | स्थानीय तह |
| | स्रोत व्यक्ति एवम् प्रशिक्षकहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |
| सामाजिक परिचालन | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरूलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरू घरपरिवार र समुदायस्तरसम्म सञ्चालन गरिनेछ। | स्थानीय तह, विषयगत शाखा |
| | लैङ्गिक हिंसा, बालविवाह, छाउपडी, कमलरी, देउकी लगायत सामाजिक कुप्रथा एवम् अन्धविश्वास, कुरीति, कुसंस्कार विरुद्ध सामाजिक अभियान सञ्चालन गरिनेछ। | स्थानीय तह, गै.स.स., |
| | खुला दिशामुक्त, पूर्ण सरसफाइयुक्त, पूर्ण खोप, पूर्ण साक्षर, घरभित्रको धुवाँमुक्त, बालमैत्री, वातावरणमैत्री जस्ता विभिन्न अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ। | स्थानीय तह, विषयगत शाखा, स्वास्थ्य संस्था |
| | लक्षित समूहमा उद्यमशीलता प्रवर्द्धन गरी आयस्तर वृद्धि गरिनेछ। | स्थानीय तह, विषयगत शाखा, सहकारी, घरेलु |
| | विद्यालय/स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवालाई पोषण प्रवर्द्धनमा परिचालन गरिनेछ। | विद्यालय /स्वास्थ्य संस्था /खानेपानी उपभोक्ता व्यवस्थापन समिति, आमा /महिला समूह |
| | पोषणसँग सम्बन्धित विद्यमान सकारात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता, आदर्श व्यक्ति, समूह, संस्थाहरूलाई परिचालन गरिनेछ। | स्थानीय तह, सामाजिक सङ्घ संस्था |

| | | |
|---|---|---|
| | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरूलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरू घरपरिवार र समुदायस्तरसम्म सञ्चालन गरिनेछ। | स्थानीय तह, विषयगत शाखा, गै.स.स |
| लक्षित कार्यक्रम सञ्चालन | लक्षित समूहको पहिचान गरी उनीहरुको सहभागितामा, पोषण लक्षित तथा पोषण संवेदशील कार्यक्रम सञ्चालन गरिनेछ। | स्थानीय तह, वडा |
| | वहुक्षेत्रीय पोषण सम्वद्ध सवै सरोकारवाला, सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। | पोषणको क्षेत्रमा काम गर्ने सवै सरकारी तथा गैसस.हरु |
| निजी क्षेत्र तथा नागरिक समाजसँग सहकार्य | प्रतिस्पर्धी बजार मूल्यमा स्थानीय बजारमा खाद्य सामग्री नियमित उपलब्ध गरिनेछ। | संङ्घ, प्रदेश, स्थानीय तह, तथा निजी क्षेत्र |
| | व्यवसायीक सामाजिक उत्तरदायित्व अन्तर्गत पोषणसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ। | स्थानीय तह, उद्योगी व्यवसायी |
| | बजारमा उपलब्ध गराईने खाद्यान्नको गुणस्तर र स्वच्छता कायम गरिनेछ। | स्थानीय तह, व्यापारिक व्यावसायिक सङ्घसंस्थाहरु |
| | नागरिक समाजका प्रतिनिधिहरु समेतको सहभागितमा गरिने बजार अनुगमनमा सहयोग गरिनेछ। | स्थानीय तह, आपूर्तिकर्ता |
| सुशासन | पोषणमैत्री स्थानीय तह प्रवर्द्धनका लागि गरिएका क्रियाकलाप र सोको प्रगति कार्यालयको सूचना पाटी, वेबसाइट तथा आवश्यकता अनुसार आमसञ्चार माध्यमबाट नियमित रुपमा सार्वजनिकीकरण गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह, गै.स.स. |
| | पोषणमैत्री स्थानीय तहका सूचक प्राप्तिको लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाइनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |
| | स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता सामाजिक उत्तरदायित्व वृद्धि गर्ने क्रियाकपालहरु सञ्चालन गरिनेछ। | स्थानीय तह, गै.स.स. |
| नतिजामुखी अनुगमन | पोषणमैत्री स्थानीय शासनको लागि तोकिएको सूचकको आधारमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गरिनेछ। | सङ्घ, प्रदेश, जिसस, स्थानीय तह, वडा |
| | पोषण सम्बन्धी अनुगमनमा स्थानीय विकासका साझेदार तथा अन्तराष्ट्रिय विकास समुदायसँगको सहकार्य र | स्थानीय तह |

| | | |
|---|---|---|
| | साझेदारी गरिनेछ। | |
| | स्थानीय तहको आवधिक समीक्षामा पोषणको नतिजा समावेश गर्ने र विकास साझेदार निकायबाट सम्पादित कामको समेत प्रगति समीक्षा गरिनेछ। | स्थानीय तह |
| | अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने व्यक्ति, अभियन्ता, संस्था, विकास साझेदार, अन्य सहयोगी निकाय, वडा तथा स्थानीय तहलाई पुरस्कृत गरिनेछ। | स्थानीय तह |
| मूल्याङ्कन र दिगोपनको सुनिश्चितता | पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचकहरु प्राप्तिको दिगोपनाको लागि कार्ययोजना तर्जुमा गरिनेछ। | स्थानीय तह |
| | बहुक्षेत्रगत प्रयासलाई निरन्तरता दिइनेछ। | सङ्घीय /प्रदेश /स्थानीय विषयगत मन्त्रालय /विभाग /शाखा |
| | प्रत्येक वर्षको वार्षिक समीक्षाका सूचकमा आधारित भई प्रगति विवरण सार्वजनिक गरिनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |
| | पोषणमैत्री स्थानीय तहका सूचकका उपलब्धिको प्रत्येक ३/३ वर्षमा तेस्रो पक्षवाट मूल्याङ्कन गराइनेछ। | सङ्घ, प्रदेश, स्थानीय तह |

अनुसूची-२

## पोषणमैत्री स्थानीय शासनका लागि क्षेत्रगत सूचकहरु

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण उन्मुखको लागि न्युनतम लक्ष्य | घोषणाको लागि लक्ष्य | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष* | स्थिति** | | | | |
| १ | **स्वास्थ्य क्षेत्र** | | | | | | | |
| १.१ | गर्भवती महिलाको कम्तिमा ४ पटक (गर्भवती भएको ४, ६, ८ र ९ महिनामा) पूर्व प्रसूति जाँच गरिएको। | प्रतिशत | २०७७ | ८७ | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.२ | सुत्केरी भएपछि कम्तिमा ३ पटक (सुत्केरी भएको ठिक २४ घण्टा, ७२ घण्टा र ७ दिनमा) सुत्केरी महिला र शिशुको उत्तर प्रसूति जाँच गरिएको। | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.३ | गर्भवती महिलाले पूर्ण मात्रामा (पहिलो पटक गर्भवती हुँदा २ पटक दोस्रो पटक गर्भवती हुँदा १) टिडि खोप पाएको। | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.४ | गर्भवती महिलाले गर्भवती भएको चौथो महिनादेखि १८० दिनसम्म र सुत्केरी भएपश्चात ४५ दिनसम्म दिनको एक चक्कीका दरले आइरन तथा | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | फोलिक एसिड चक्की खाएको। | | | | | | | |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको सङ्ख्या । | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.६ | घरमै सुत्केरी गराउने । | प्रतिशत | | | % | ०% | HMIS Report | स्वास्थ्य शाखा |
| १.७ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट ( Skill Birth Attendance सुत्केरी गराएको। | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.८ | ६ महिनादेखि ५९ महिनाका बालबालिकाले भिटामिन-ए पाएको। | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.९ | १२ महिनादेखि ५९ महिनाका बालबालिकाले जुकाको औषधी पाएको। | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१० | विद्यालय बाहिर रहेका १० देखि १९ वर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको। | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.११ | २४ महिनासम्मका बालबालिकाहरुले नियमित वृद्धि अनुगमन गरेको। (जन्मिएको पहिलो महिनादेखिनै हरेक महिनामा एकपटक गरी २४ पटक) | प्रतिशत | | | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१२ | शिशु जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको । | प्रतिशत | | | >८०% | >९०% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१३ | बच्चा ६ महिना भएपछि | प्रतिशत | | | >८०% | ९०% | HMIS Report | स्वास्थ्य शाखा |

| क.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | स्तनपानका साथै सही समयमा थप खानाको सुरुवात गरेको। (मातृशिशु तथा बाल्यकालीन पोषणको मापदण्ड अनुसार) | | | | | | | |
| १.१४ | दुई वर्ष मुनिका बालबालिकामा कम तौल भएकाहरु। (Under weight) | प्रतिशत | | | <५% | <५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१५ | मध्यम शीघ्र कुपोषण (MAM Case) पहिचान भएकाहरुमध्ये पोषण परामर्श दिइएको। | प्रतिशत | | | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१६ | कडा शीघ्र कुपोषण (SAM Case) पहिचान भएकाहरुमध्ये उपचार पाउने । | प्रतिशत | | | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१७ | कम तौलका जन्मिएका शिशु। | प्रतिशत | | | <५% | <५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१८ | आयोडिनयुक्त नुन खाने घरधुरी। | प्रतिशत | | | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१९ | पूर्ण खोपयुक्त स्थानीय तह (१२ देखि २३ महिनाको बालबालिकाले पूर्ण खोप पाएको हुने) घोषणा भईसकेको। | भएको नभएका | | | भएको | भएको | HMIS Report | स्वास्थ्य शाखा |
| १.२० | बालबालिकाहरुलाई झाडा पखाला लागेको बेला तोकिएको मात्रा पुरा गरी जिंक चक्की र पुर्नजलीय झोल खुवाउने गरेको। | प्रतिशत | | | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| १.२१ | हरेक स्वास्थ्य संस्था पोषणमैत्री घोषणा भएको। | भएको नभएको | | | भएको | भएको | HMIS Report | स्वास्थ्य शाखा |
| १.२२ | हरेक स्थानीय तहमा कम्तिमा ओटिसी /आईटिसी /एन.आर.एच. भएका। | वटा | | | १वटा | १वटा | HMIS Report | स्वास्थ्य शाखा |
| २ | **शिक्षा क्षेत्र** | | | | | | | |
| २.१ | विद्यालयभित्र रहेका १० देखि १९ वर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको। | प्रतिशत | | | >९०% | >१००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.२ | कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुले अर्धवार्षिक रुपमा जुकाको औषधी खाने गरेको। | प्रतिशत | | | >९०% | >८०% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.३ | माध्यमिक तहका विद्यालयले बालविवाह, छाउपडी जस्ता सामाजिक कुप्रथा विरुद्दको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ मध्ये कुनै पोषण संवेदनशील अतिरिक्त क्रियाकलाप सञ्चालन गरेका विद्यालयहरु। | प्रतिशत | | | १००% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.४ | सबै बालबालिकाको लागि न्यूनतम पूर्वाधारयुक्त प्रारम्भिक बालविकास सञ्चालन भएको। | प्रतिशत | | | १००% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.५ | प्रारम्भिक बालविकासमा तालिम प्राप्त सहजकर्ताहरु। | प्रतिशत | | | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |

| क.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्टयाईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत विद्यालयको शिक्षा पूरा गर्ने बालबालिकाहरुको प्रतिशत। | प्रतिशत | | | १००% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.७ | विद्यालयको स्थानीय पाठ्यक्रममा पोषणका विषयबस्तु समाबेश गरेका विद्यालय। | संख्या | | | ७०% | >८०% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.८ | ५ वर्ष देखि १४ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेको बालबालिका। | प्रतिशत | | | <१% | <१% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.९ | दिवा खाजा व्यवस्था भएका वाल विकास केन्द्र। | प्रतिशत | | | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.१० | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा कम्तीमा वर्षको एक पटक पोषण सम्बन्धी विषयवस्तु छलफल भई निर्णय भएको। | प्रतिशत | | | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.११ | विद्यालयहरुले वार्षिक रूपमा कम्तीमा एउटा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरेको (पोषणयुक्त खानाको बारेमा विद्यालयले अभिभावक शिक्षा सञ्चालन गरेको। | प्रतिशत | | | ८०% | ९०% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.१२ | विद्यालयहरुमा पोषण सम्बन्धी सन्देशमुलक सूचना संप्रेशण | प्रतिशत | | | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |

| क.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | गरेको। | | | | | | | |
| ३ | **महिला तथा बालबालिका** | | | | | | | |
| ३.१ | लैङ्गिक हिंसाका घटना दर्ता भएको संख्या। (न्यायिक समिति, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएको) | संख्या | | | <१५ | <१० | न्यायिक समितिको प्रतिवेदन | न्यायिक समितिको प्रतिवेदन |
| ३.२ | छाउपडी हुँदा छुट्टै छाउगोठमा राख्ने घरधुरी। | प्रतिशत | | | ०% | ०% | स्थानीय तहको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ३.३ | कमलरी राख्ने घरधुरी। | प्रतिशत | | | ०% | ०% | स्थानीय तहको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ३.४ | बालविवाह अन्त्य भएको (प्रहरी प्रतिवेदन, वडा। कार्यालय, न्यायिक समिति) | भए नभएको | | | भएको | भएको | प्रहरी प्रतिवेदन, वडा समितिको प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.५ | सुनौलाहजार दिनका घरपरिवारका सदस्यहरु (जस्तै सासुबुहारी, श्रीमान श्रीमती) बीच पोषण व्यवहार सम्बन्धी सवै वडामा अनुशिक्षण भएको। | भए /नभए को | | | भएको | भएको | स्थानीय तहको वार्षिक प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.६ | विद्यालय बाहिरका किशोर किशोरीहरुले पोषण र प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण हरेक वडामा सञ्चालन भएको। | भए /नभए को | | | भएको | भएको | स्थानीय तहको वार्षिक प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.७ | सडकमा आश्रित वालबालिका | भए /नभए | | | नभएको | नभएको | खोजतलास केन्द्र, | स्थानीय तह |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | नभएको। | को | | | | | प्रहरी, बाल अभिकारी परिषद /समिति | |
| ३.८ | कानून विपरित श्रममा संलग्न बालवालिका नभएको। | भए /नभए को | | | नभएको | नभएको | स्थानीय तहको प्रतिवेदन, बालकल्याण समितिको प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.९ | हरेक स्थानीय तह र सवै वडा तहमा बालसञ्जाल गठन भएको। | भए /नभए को | | | भएको | भएको | स्थानीय तहको प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ४ | **खानेपानी तथा सरसफाइ** | | | | | | | |
| ४.१ | आधारभूत तहको खानेपानीको सुविधा भएको घरधुरी । | प्रतिशत | | | ९५% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.२ | व्यवस्थित तथा सफा शौचालय भएको घरधुरी । | प्रतिशत | | | ९५% | १००% | स्थानीय तहको अध्यावधिक प्रोफाइल | पूर्वाधार विकास शाखा |
| ४.३ | घरपरिवारमा मुख्य ५ जोखिमपूर्ण समय (चर्पी गएपछि, वालवालिकाको दिशा घोएपछि, खाना खानु अघि, वालवालिकाकालाई दूध खुवाउनु अघि, फोहोर चलाएपछि) सावुनपानीले हातधुने परिपाटीको विकास भएको। | प्रतिशत | | | ९५% | १००% | नमूना घरधुरी सर्भेक्षण | पूर्वाधार विकास शाखा |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| ४.४ | खानेपानीको गुणस्तर परीक्षण भएको। (प्रत्येक ६ /६ महिनामा र प्रकोपको घटना घटेको भए सो पछि तत्काल) | प्रतिशत | | | ८०% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.५ | घरायसी खानेपानी पिउन योग्य भए नभएको परीक्षण गरेको। | प्रतिशत | | | ९५% | १००% | परिक्षण प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.६ | विद्यालय तथा स्वास्थ्य संस्थामा सररफाइ गर्ने स्थान।(वास कर्नर) स्थापना गरिएको | प्रतिशत | | | ९५% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.७ | घरबाट निस्कने फोहोर पानीको उचित व्यवस्थापन गर्ने घरपरिवार संख्या। | प्रतिशत | | | ९५% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.८ | खुल्ला दिसामुक्त स्थानीय तह /वडा भएको। | प्रतिशत | | | १००% | १००% | स्थानीय तहको प्रतिवेदन, घोषणाको निर्णय | स्थानीय तह |
| **५** | **कृषि विकास** | | | | | | | |
| ५.१ | करेसाबारी स्थापना भएको घरपरिवार।(जमिन नभएका परिवारको लागि स्थानीय बजारमा नियमित रुपमा ताजा तरकारी उपलब्ध हुने अवस्था रहेको हुनुपर्ने) | प्रतिशत | | | >७०% | >८०% | बजार अनुगमन प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.२ | पर्याप्त पौष्टिक तत्व भएको अन्न, सागसब्जी, गेडागुडी, फलफूल तथा माछामासु | प्रतिशत | | | >७०% | >८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |

| क.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | लगायतका खानाको उपभोग सुनिश्चितता भएको। | | | | | | | |
| ५.३ | स्थानीयस्तरमा पाईने रैथाने बाली प्रवर्द्धन सम्बन्धी सचेतना /कार्यक्रममा सहभागी घरपरिवार। | प्रतिशत | | | >७०% | >८०% | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.४ | प्रत्येक वडामा नमूना जैविक तरकारी फार्म भएको (जमिन नभएका वडामा उपभोगको सुनिश्चितता भएको हुनुपर्ने) | भए / नभएको | | | भएको | भएको | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.५ | जैविक विषादी र प्राङ्गरिक मल प्रयोग गर्ने कृषक घरपरिवार। | प्रतिशत | | | >७०% | >८०% | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.६ | खाद्य स्वच्छता र गुणस्तरको अनुगमन भएको। | पटक | | | >२ | >३ | अनुगमन प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.७ | बजारमा तरकारी तथा फलफूलको उपलब्धता र उपयोग गर्ने घरधुरी। | प्रतिशत | | | ९०% | १००% | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ६ | **पशुपन्क्षी विकास** | | | | | | | |
| ६.१ | व्यवस्थित पशुपंक्षी पालन गर्ने कृषक घरपरिवार (उपभोगको सुनिश्चिता) | प्रतिशत | | | >७०% | >८०% | कृषि तथा पशुसेवा शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ६.२ | दूधजन्य पदार्थहरु (दूध, दही, पनीर, चीज), अण्डा र मासुजन्य (माछा, मासु, पन्छी) पदार्थ | प्रतिशत | | | >८०% | >९५% | कृषि तथा पशुसेवा शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | नियमित उपभोग गर्ने घरपरिवार। | | | | | | | |
| ६.३ | दूध ९१ लि., मासु १४ के.जी, अण्डा १५० वटा प्रति व्यक्ति वार्षिक रुपमा उपलब्धता। | प्रतिशत | | | >८०% | >९५% | कृषि तथा पशुसेवा शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ७ | **शासकीय प्रबन्ध** | | | | | | | |
| ७.१ | स्थानीय तहको वार्षिक योजना तर्जुमा पूर्व र कार्यक्रमको समीक्षाको समयपूर्व कम्तीमा १ /१ पटक पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसेको (स्थानीय तह)। | वटा | | | >१००% | १००% | बैठकको निर्णय पुस्तिका | स्थानीय तह / प्रमुख प्रशासकीय अधिकृत |
| ७.२ | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति क्रियाशीलता। | वटा, चौमासिक | | | >२ | >४ | बैठकको निर्णय पुस्तिका | वडा कार्यालय / वडा सचिव |
| ७.३ | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश भएको। | भए। नभएको | | | भएको | भएको | वार्षिक बजेट तथा कार्यक्रम | बजेट तथा कार्यक्रम शाखा |
| ७.४ | स्थानीय तहको सभावाट पोषण सम्बन्धी नीति तथा कार्यक्रम पारित भएको । | भए /नभए को | | | भएको | भएको | वार्षिक बजेट तथा कार्यक्रम | सामाजिक विकास शाखा |
| ७.५ | स्थानीय तह /वडाको बजेटबाट (वित्तीय समानीकरण अनुदान र आन्तरिक श्रोत) पोषण | छ /छैन | | | छ | छ | वार्षिक बजेट तथा कार्यक्रम | सामाजिक विकास शाखा |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमका लागि बजेट छुट्टाइएको। | | | | | | | |
| ७.६ | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि पोषण सम्बन्धी क्षमता अभिवृद्धि भएको। | भए। नभएको | | | भएको | भएको | क्षमता विकास प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.७ | स्थानीय तहको पोषण पाश्र्वचित्र तयार र अद्यावधिक। | भए। नभएको | | | भएको | भएको | अध्यावधिक प्राश्वचित्र | सामाजिक विकास शाखा |
| ७.८ | स्थानीय तहमा पोषण कर्नर स्थापना । | भए। नभएको | | | भएको | भएको | पोषण कर्नर स्थापना भएको | सामाजिक विकास शाखा |
| ७.९ | स्थानीय तहको कार्यालयमा छुट्टै स्तनपान कक्षको व्यवस्था। | भए। नभएको | | | भएको | भएको | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.१० | परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी र सूचना स्थानीय रेडियो तथा होर्डिङबोर्ड जस्ता कुनै एउटा विधि मार्फत सम्प्रेषण भएको । | वार्षिक पटक | | | >३ | >५ | प्रशारित सन्देश र प्रशारणको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.११ | स्थानीय विपद् व्यवस्थापन योजनामा विपद्को समयमा गरिने पोषण केन्द्रित सवाल समावेश भएको हुनेछ । | भए /नभए को | | | भएको | भएको | विपद् व्यवस्थापन योजना | विपद् व्यवस्थापन शाखा |

| क्र.स | सूचकहरु | इकाइ | विद्यमान अवस्था | | पोषण | घोषणाको | पुष्ट्याईका | क्षेत्रगत |
|---|---|---|---|---|---|---|---|---|
| ७.१२ | महामारी तथा विपदको समयको लागि गाउँपालिका तथा नगरपालिका वा रेडक्रस जस्ता सामाजिक सङ्घसंस्थामा खाद्यान्न, भाँडाकुँडा तथा लत्ताकपडा, उपचारको लागि औषधी र उपकरणको मौज्दात राख्ने व्यवस्था। | भए। नभएको | | | भएको | भएको | मौज्दात प्रतिवेदन | विपद् व्यवस्थापन शाखा |
| ७.१३ | घरभित्रको धुँवामुक्त भएको घरपरिवार। | प्रतिशत | | | ९०% | १००% | स्थानीय तहको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.१४ | स्वास्थ्य, कृषि, पशुसेवा सँग सम्बन्धित प्राविधिकहरुको सेवा उपलब्धता । | प्रतिशत | | | ९०% | १००% | स्थानीय तहको प्रतिवेदन | प्रशासन शाखा |
| ७.१५ | बाल पोषण भत्ता वितरणको समयमा अभिभावकलाई बाल पोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखीकरण भएको। | प्रतिशत | | | १००% | १००% | अभिमुखिकरण प्रतिवेदन | सामाजिक विकास शाखा |

* औपचारिक रुपमा अध्ययन /सर्वेक्षण /प्रतिवेदन गरिएको वर्ष उल्लेख गर्ने।

** अध्ययन /सर्वेक्षण /प्रतिवेदनबाट देखिएको तथ्याङ्क उल्लेख गर्ने।

नोट : शाखा भन्नाले स्थानीय तहको सम्बन्धित विषय हेर्ने विभाग /महाशाखा समेतलाई बुझिनेछ ।साथै उल्लेखित शाखा स्थानीय तहमा नभएमा उक्त कामको जिम्मेवारी तोकिएको शाखा वा एकाइ सम्बन्धित कामको लागि जिम्मेवार शाखाको रुपमा रहनेछन् ।

अनुसूची ३

## पारिभाषिक शब्दहरु

पोषणका क्षेत्रमा प्रयोग हुने केही शब्दावली :

१ **पोषणमैत्री शासनः**

सबै व्यक्तिको शारीरिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासको लागि आवश्यक पर्ने सबै प्रकारका पोषक तत्वहरु उपलब्धताको सुनिश्चिता हुने गरी मानव पुँजीको विकास गर्न सञ्चालित शासकीय पद्धति नै पोषणमैत्री शासन हो ।

२ **पोषणमैत्री स्थानीय शासन :**

स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्य प्रक्रियामा पोषण केन्द्रित तथा पोषण संवेदनशील कार्यक्रम समावेश गरी सबै व्यक्तिमा पोषण सेवा प्राप्तीको सुनिश्चिता गर्न समर्थ बनाउने वातावरण सिर्जना हुने गरी कार्यान्वयन गरिने बहुक्षेत्रीय प्रयास पोषणमैत्री स्थानीय शासन हो ।

३ **पोषणमैत्री स्थानीय तह**

पोषणमैत्री शासनको लागि निर्धारण गरिएका सूचकहरु प्राप्तिको सुनिश्चिता भएको स्थानीय तह पोषणमैत्री स्थानीय तह हो ।

४ **कुपोषण**

एक वा धेरै पोषकतत्वको न्यूनता वा अधिकताबाट शरीरमा देखिने असामान्य अवस्था नै कुपोषण हो । सामान्यतय कुपोषणलाई न्यूनपोषण तथा अधिक पोषण गरी दुई प्रकारमा विभाजन गरिन्छ । अपर्याप्त मात्रामा प्रोटिन, कार्बोहाइडेड र सूक्ष्म पोषक तत्वको कमी एवम् पटक-पटकको स्वास्थ्य सङ्क्रमणका कारणबाट मानिसको शरीरमा देखापर्ने असामान्य अवस्था वा परिणाम न्यूनपोषण हो भने खानपिनमा असन्तुलन, निस्क्रिय जीवनशैलीका कारणले बालबालिका, किशोरकिशोरी, प्रजनन उमेरका महिला र पुरुषमा हुने अधिक तौल तथा मोटोपन अधिक पोषण हो । न्युनपोषणका कारण बालबालिकामा पुड्कोपन, ख्याउटेपन, कम तौल, रक्तअल्पता, रतन्धो र आयोडिनको कमीले हुने विकारजस्ता समस्या उत्पन्न हुन सक्छन् ।

५ **पुड्कोपन**

उमेरअनुसार हुनुपर्ने न्यूनतम उचाइ (Height-for-Age) नहुनु पुड्कोपन (Stunting) हो । यसको मापन उमेर र उक्त उमेरमा हुनुपर्ने उचाइका आधारमा गरिन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार जन्मँदाको बच्चाको उचाइ कम्तीमा ४५ देखि ५० से.मि.को हुनुपर्दछ भने १ वर्षको अन्तमा २५ से.मि. थप हुनुपर्छ। यसैगरी

दोस्रो वर्षमा १२.५ से.मि. थप र तेस्रो, चौथो, पाँचौं वर्षमा हरेक वर्ष ७ देखि ९ से.मि.का दरले थप हुँदै जानुपर्दछ । वयस्क अवस्थामा महिलाको औसत उचाइ १६३ से.मि. र पुरुषको उचाइ १७६ से.मि हुनुपर्दछ (विश्व स्वास्थ्य सँगठन, २००६ /०७)। यो मापदण्डअनुसार वृद्धि हुन नसकेको अवस्था पुड्कोपन हो। यस्तो खालको न्यून पोषणलाई दीर्घ कुपोषण (Chronic Malnutrition) भनिन्छ।

६. <u>ख्याउटेपन</u>

मानिसमा उचाइअनुसार तौल (शरीरको सुगठन वा मोटाई) (Weight-for-Height) नभएको अवस्था ख्याउटेपन (Wasting) हो । भोकमरी, कडा रोगजस्ता कारणबाट बालबालिकामा ख्याउटेपनको अवस्था उत्पन्न हुन्छ । यस्तो खालको न्युन पोषणलाई शीघ्र कुपोषण (Acute Malnutrition) भनिन्छ । ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाको बायाँ पाखुराको माथिल्लो बीच भागको वरिपरिको मोटाइ नाप्ने Mid-Upper Arm Circumference (MUAC) टेपको माध्यमद्वारा ख्याउटेपनको स्तर मापन गरिन्छ । विश्व स्वास्थ्य सङ्गठनले बच्चा स्वस्थ्य जन्मँदा पाखुराको मोटाइ १० देखि ११ से.मि. हुनुपर्छ भनी तोकेको छ । जन्मेको १ वर्षसम्म यस्तो मापन १६ से.मि. हुन्छ । १ वर्ष पूरा भएपछि ५ वर्षसम्म प्रत्येक वर्ष ०.१५ से.मि.का दरले वृद्धि हुन्छ । यसरी ५ वर्षसम्ममा १७ से.मि. हुन्छ। १२.५ से.मि. भन्दा माथि (हरियो भाग) मापन भएमा बच्चाको सामान्य अवस्था भएको बुझ्न सकिन्छ । यदि ११.५ से.मि. देखि १२.५ भन्दा कम (पहेंलो भाग) मापन भएमा मध्यमखालको कुपोषण (Moderate Acute Malnutrition-MAM) र ११.५ से.मि. भन्दा कम (रातो भाग) मापन भएमा अति कडा कुपोषण (Severe Acute Malnutrition-SAM) को रुपमा लिइन्छ ।

७. <u>कमतौल</u>

उमेरअनुसार हुनुपर्ने तौल (Weight-for-Age) नभएको अवस्थालाई नै कमतौल (Under-weight) भनेर बुझ्नु पर्छ । यसको मापन उमेर र उक्त उमेरमा हुनुपर्ने तौलका (Weight-for-Age) आधारमा गरिन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार जन्मँदा बच्चाको तौल २.५ देखि ३.४ के.जि, पहिलो ५ महिना जम्मँदाको भन्दा दोब्बर, १ वर्षमा तेब्बर हुनुपर्छ । यस्तै दोस्रो वर्षमा २.५ के.जि. थप र तेस्रो, चौथो, पाँचौं वर्षमा २-२ के.जि.का दरले थप हुँदै जानुपर्छ । यो मापदण्डअनुसार नभएको अवस्थालाई कमतौल भनिन्छ । यस्तो खालको न्यून पोषणलाई दीर्घ कुपोषण (Chronic Malnutrition) र शीघ्र कुपोषण (Acute Malnutrition) को मिश्रित रुपमा लिइन्छ ।

८. <u>रक्तअल्पता</u>

शरिरमा प्रयाप्त स्वस्थ रगतका सेलहरु वा हेमोग्लोविन कम भएको कारणले उत्पन्न भएको अवस्थालाई रक्तअल्पता भनिन्छ । आइरनको कमीले हुने रक्तअल्पताले कोषमा हुने अक्सिजनको प्रवाहमा प्रतिकूल असर गर्दछ र परिणामस्वरूप कार्यक्षमतामा ह्रास आउनुको साथै शारीरिक गतिविधि घट्छ । यदि किशोरावस्थामा आइरनको कमीले हुने रक्तअल्पता भएमा अपूर्ण शारीरिक वृद्धि हुने, कमजोर बौद्धिक विकास

हुने, न्यून शारीरिक क्षमता तथा कार्य सम्पादन र दैनिक कार्यमा न्यून एकाग्रताजस्ता परिणामहरु देखिन्छन् । विभिन्न अनुसन्धानहरूबाट के पनि देखिन्छ भने रक्तअल्पता भएका किशोरीहरूमा गर्भावस्थापूर्वको आइरनको भण्डार कम हुन्छ । बढ्दो भ्रूण र आफ्नै लागि पनि आवश्यक आइरन भण्डार निर्माण गर्न गर्भावस्थाको अवधि अति छोटो हुने भएकोले यस अवस्थामा रक्तअल्पताको जोखिम बढ्छ। त्यसैले, रक्तअल्पता भएका किशोरीहरु पछि गर्भवती भएमा समयभन्दा अगाडि शिशु जन्मिने र कम तौलको शिशु जन्मिने जस्ता जोखिम ब्यहोर्नु पर्ने हुन्छ ।

९. <u>सुनौला हजार दिन</u>

महिला गर्भवती भएको दिनदेखि बच्चा २ वर्षको नभएसम्मको १००० दिन (गर्भधारण ९ महिना ×३० दिन = २७० दिन, २ वर्ष अर्थात् ३६५ दिन × २ वर्ष = ७३० दिन) लाई सुनौला हजार दिन भनिन्छ । पहिलो २ वर्षभित्र बच्चाको दिमागको विकास ८० प्रतिशत हुने अध्ययनले देखाएको छ । यो समयावधी पोषण सुधारका लागि अति संवेदनशील र महत्वपूर्ण हुन्छ ।

१०. <u>किशोर किशोरी</u>

दश वर्ष उमेरदेखि १९ वर्षसम्मका व्यक्तिहरु किशोरकिशोरी हुन । प्रजजन उमेर समूहका किशोरीहरुको स्वास्थ्य र पोषण अवस्थाले बालबालिकाको स्वास्थ्य र पोषणलाई समेत असर गर्ने हुनाले किशोरीहरुलाई प्राथमिकता दिनुपर्दछ ।

११. **<u>Body Mass Index (BMI)</u>**

Body Mass Index (BMI) भनेको शरीरको उचाइ र तौलबीच तादम्यता मापन गर्ने सूचक हो । यसबाट मानिसको तौल कम, सामान्य, अधिक तौल र मोटोपनको अवस्था मापन गरिन्छ । शरीरमा हुने दीर्घकालीन शक्ति कमी (Chronic Energy Deficiency) को मापन पनि BMI कै प्रयोग गरी गरिन्छ । उचाइका आधारमा शरीरमा भएको तौल मापन गरी कस्तो खालको कुपोषण हो भन्ने पत्ता लगाइन्छ । वयस्क मानिसको BMI १८.५ भन्दा कम भएमा कम तौल, १८.५ देखि २४.९९ सम्म भएमा सामान्य, २५ देखि २९.९९ सम्म भएमा अधिक तौल र ३० भन्दा बढी भएमा मोटोपन भन्ने बुझिन्छ। Body Mass Index (BMI) मापन गर्न निम्न सूत्रको प्रयोग गरिन्छ ।

$$\text{BMI} = \frac{\text{शरीरको तौल (के.जी.)}}{\text{उचाइ (मी.)}^{2}}$$